# प्रभाव दैनिक
National Daily








वर्ष १०  अंक १२८  काठमाडौं  मंगलबार, १२ भदौ २०८०  Prabhab National Daily  Tuesday, August 29, 2023  www.prabhabonline.com  पृष्ठ ८  मूल्य रू. ५।-


# मिनी संसद्मा बल्ल नेतृत्व



### कुन समितिमा को ?

**अर्थ समिति** : सन्तोष चालिसे (कांग्रेस)
**राज्य व्यवस्था समिति** : रामहरि खतिवडा (कांग्रेस)
**कृषि, सहकारी तथा वातावरण समिति** : डा. आरजु राणा देउवा (कांग्रेस)
**महिला समिति** : किरण साह (एमाले)
**लेखा समिति** : ऋषिकेश पोखरेल (एमाले)
**कानुन, न्याय तथा मानवअधिकार समिति** : विमला सुवेदी (माओवादी)
**पूर्वाधार विकास समिति** : दीपकबहादुर सिंह (राप्रपा)
**शिक्षा तथा स्वास्थ्य समिति** : भानुभक्त जोशी (ए. समाजवादी)
**अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति** : राजकिशोर यादव (जसपा)
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण समिति** : अब्दुल खान (जनमत)

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संघीय संसद्अन्तर्गतका १० वटै विषयगत समितिले महिनौंपछि नेतृत्व पाएका छन् । दलहरूबीच खिचातानी नभएको भए गत १५ जेठमै विषयगत समितिहरूले नेतृत्व पाउँथे । तर, बल्लबल्ल सोमबार दलहरूबीचको सहमतिअनुसार संसदीय गतिविधिमा निकै प्रभावशाली मानिने 'मिनी संसद्'को सभापति सहमतिमै निर्वाचित भए । उनीहरूले सोमबार नै सभामुख देवराज घिमिरेबाट पद तथा गोपनीयताको शपथ लिएका छन् ।

संसद् बैठक नबसेको बेला पनि संसदीय समितिहरू क्रियाशील हुन्छन् । ऐन कानुनको दफावार छलफल गर्ने र समितिले पारित गरेपछि सरकारले पारितका लागि संसद्मा टेबुल गर्ने पद्धति छ । समितिले प्रतिनिधिसभा नियमावलीमा भएका कार्याधिकारअनुसार संसदीय मामिलासँग सम्बन्धित कार्यसम्पादन गर्दछ ।

यस आधारमा महत्त्वपूर्ण ठानिने समितिले पाँच महिनापछि बल्ल नेतृत्व पाएका हुन् । यससँगै अब संसदीय समितिहरू थप क्रियाशील हुने आशा जगाएको छ ।

राजनीतिशास्त्रीहरूका अनुसार संसदीय प्रणाली अंगालेका देशहरूको संसद्मा यस्ता समितिहरू बनाउने प्रचलन विद्यमान छ । एकात्मक व्यवस्था भएको जनवादी गणतन्त्र चीनमा पनि राष्ट्रिय जनकंग्रेस (संसद्) मा स्थायी समिति छ । यो समितिले ऐन कानुनको दफावार छलफल गर्नेसँगै अन्य संसदीय मामिलासँग जोडिएका मुद्दामा छलफल गर्नेदेखि सरकारलाई आवश्यक निर्देशन दिने गर्दछ ।

नेपालको संघीय संसद्अन्तर्गत गठित समितिहरूले पनि सरकारलाई निर्देशन दिने कार्य गर्दै आएका छन् । तर, समितिहरू भने लामो समय सभापतिविहीन बने ।

(बाँकी पृष्ठ २ मा)

# प्रहरी समायोजनमा मुख्यमन्त्रीको जोड

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुख्यमन्त्रीहरुले प्रहरी समायोजन ऐन तत्काल कार्यान्वयनमा जोड दिएका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा सोमबार आयोजित राष्ट्रिय विकास समस्या समाधान समितिको ५१औं बैठकमा मुख्यमन्त्रीहरुले उक्त ऐन कार्यान्वयनको माग गरेका हुन् ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तत्काल प्रहरी समायोजन ऐनले गरेको व्यवस्थाअनुसार प्रहरी समायोजन गर्न प्रधानमन्त्री पुष्पकमल दाहालको ध्यानाकर्षण गराए । प्रहरी समायोजन ऐन कार्यान्वयनमा आउन नसक्दा प्रदेश सरकारले प्रभावकारी रुपमा काम गर्न नसकेको उनले बताए । मुख्यमन्त्री जम्कट्टेलले तत्काल उक्त ऐन कार्यान्वयनमा ल्याई प्रदेश सरकारलाई प्रहरी परिचालनको अधिकार दिनसमेत माग गरे । उनले कर्णाली प्रदेशबाहेक अरु सबै प्रदेशले प्रहरी परिचालन ऐन पारित गरी तम्तयारी अवस्थामा रहेको जानकारी दिए ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले सुरक्षा र प्रशासनविना प्रदेश सरकार सबल हुन नसक्ने भएकाले तत्काल प्रहरी समायोजन ऐनअनुसार प्रहरी परिचालन गर्ने अधिकार प्रदान गर्न प्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।

सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले प्रहरी समायोजन ऐन कार्यान्वयन गर्न तथा संघीयतासँग जोडिएका महत्त्वपूर्ण ऐन निर्माणलाई तत्काल गति दिनुपर्ने माग राखे । बैठकमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पनि प्रहरी समायोजन ऐन तत्काल कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए ।



सोमबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक ।
*तस्बिरः रासस*

- संघीयता कार्यान्वयनसँग जोडिएका महत्त्वपूर्ण ऐन तथा कानुनको निर्माणमा भइरहेको ढिलाइप्रति प्रधानमन्त्रीको ध्यानाकर्षण
- प्रदेश सरकारलाई सबल नबनाई हालकै अवस्थामा चल्ने अवस्था सिर्जना भए संघीयता कार्यान्वयनमा थप जटिलता पैदा हुने चेतावनी
- बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, लुम्बिनीका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी र सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहद्वारा प्रहरी समायोजन ऐन कार्यान्वयनमा जोड
- पोखरामा सम्पन्न राष्ट्रिय समन्वय परिषद्को बैठकले गरेका निर्णय तत्काल कार्यान्वयन हुनुपर्ने माग

संघीय संसद्को अघिल्लो कार्यकालमा नै पारित भएको उक्त ऐन कार्यान्वयन हुन सकेको छैन ।

तीनै तह (संघ, प्रदेश र स्थानीय तह) का सरकारले आ-आफ्ना सुरक्षा संयन्त्र बनाएर जनतालाई शान्ति/सुरक्षा दिने कानुनी प्रावधान छ । तर, संघीय प्रणाली लागू भएको आठ वर्ष र स्थानीय तथा प्रदेश सरकार स्थापना दोस्रो कार्यकाल सुरु हुँदा पनि प्रदेश सरकारले अहिलेसम्म एक जना पनि प्रहरी भर्ना गर्न सकेको छैन ।

केही स्थानीय सरकारले नगर प्रहरी भर्ना गरेका छन् । मधेस प्रदेश सरकारले प्रदेश प्रहरी ऐन, २०७५ बनाएर प्रहरी समायोजनको तयारी गरेको थियो । तर, संघीय सरकारसँग विवाद चर्किएपछि मुख्यमन्त्री लालबाबु राउतको सरकार यस निर्णयबाट 'ब्याक' भयो ।

### पोखरा बैठकको निर्णय तत्काल कार्यान्वयन गर्न माग

संघीयता कार्यान्वयनसँग जोडिएका महत्त्वपूर्ण ऐन तथा कानुनको निर्माणमा भइरहेको ढिलाइप्रति मुख्यमन्त्रीहरुले चिन्ता व्यक्त गर्दै तत्काल प्रक्रिया अगाडि बढाउन र संघीयतालाई बलियो बनाउन प्रधानमन्त्री दाहालको ध्यानाकर्षण गराए । नागरिकलाई घर आँगनमै सहजरुपमा सेवासुविधा उपलब्ध गराउने उद्देश्यले ल्याइएको संघीय प्रणाली पनि प्रक्रियामा फस्दै गएको, महत्त्वपूर्ण कानुन निर्माणमा भइरहेको ढिलाइप्रति चासो व्यक्त गर्दै मुख्यमन्त्रीहरुले गत असारमा पोखरामा सम्पन्न राष्ट्रिय समन्वय परिषद्को बैठकले गरेका निर्णय पनि तत्काल कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

मुख्यमन्त्रीहरुले प्रदेश सरकारलाई सबल नबनाई र हालकै अवस्थामा चल्ने अवस्था सिर्जना भए थप जटिलता पैदा हुने धारणा राखेका थिए ।

(बाँकी पृष्ठ ३ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# अभिमुखीकरण तालिमको शुल्क बढाउने तयारी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा जानुपूर्व श्रमिकहरुले लिने अभिमुखीकरण तालिमको शुल्क बढाउने तयारी गरेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले अभिमुखीकरण तालिममा देखिएका समस्या निराकरण गर्न गठन गरेको अध्ययन समितिको रायअनुसार रोजगारीका लागि विदेश जाने श्रमिकलाई अनिवार्य व्यवस्था गरिएको अभिमुखीकरण तालिमको शुल्क बढाउने तयारी गरेको हो ।

मन्त्रालय स्रोतका अनुसार समितिका अधिकांश सदस्यले शुल्क बढाउनुपर्ने राय दिएका छन् । रोजगारीका लागि विदेश जाने श्रमिकहरुलाई निःशुल्क अभिमुखीकरण तालिम प्रदान गर्ने व्यवस्था मिलाउनुको सट्टा शुल्क बढाउने तयारीले श्रमिकमाथि थप आर्थिक भार पर्ने देखिएको छ । अधिकांश श्रमिक स्रोत मुलुकले वैदेशिक रोजगारीको सेवालाई शून्य लागत बनाइरहेका बेला सरकारले शुल्क बढाउने तयारी गर्नुलाई आर्थिक चलखेलको आशंका गरिएको छ ।

समितिका सदस्यहरुले शुल्क बढाउनुपर्ने राय दिए पनि कति पुऱ्याउने भन्ने निर्णय भइसकेको छैन । तर, अहिलेको भन्दा दोब्बर शुल्क वृद्धि गर्ने तयारी भइरहेको स्रोतको दाबी छ । हाल श्रमिकलाई अभिमुखीकरण तालिम प्रदान गरेबापत तालिमप्रदायक संस्थाले प्रतिव्यक्ति ७०० रुपैयाँ शुल्क लिने गरेका छन् । दुई दिने अभिमुखीकरण तालिमको शुल्क समयसापेक्ष नभएको भन्दै तालिम प्रदायक व्यवसायीहरुको दबाबमा शुल्क वृद्धि गर्न लागिएको बुझिएको छ । कम शुल्कका कारण पाठ्यक्रम तथा तालिम प्रभावकारी नहुँदा रोजगारीका लागि विदेश जाने श्रमिकहरु बढी जोखिममा परेको समितिका सदस्यहरुले निष्कर्ष निकालेको बताइन्छ ।

> छिट्टै अनुगमनमार्फत तालिमलाई श्रमिकको हित अनुकूल हुनेगरी व्यवस्थित गरिनेछ । यदि कसैले विनातालिम अवैधरूपमा प्रमाणपत्र दिने, हाजिरी नराख्ने तथा ऐनले तोकेबमो जिमको मापदण्डविपरीत संस्था सञ्चालन गरेको पाइए कारबाही हुन्छ ।



**डा. द्वारिका उप्रेती**
**कार्यकारी निर्देशक, वैदेशिक रोजगार बोर्ड**

उता वैदेशिक रोजगार अभिमुखीकरण महासंघका सचिव उद्धव सापकोटाले हाल श्रमिकहरुबाट लिइरहेको शुल्क ज्यादै न्यून रहेको बताउँदै यसलाई समयसापेक्ष परिमार्जन गर्नुपर्ने व्यवसायीहरुको माग रहेको बताए । 'हाल तालिमबापत लिँदै आएको ७०० रुपैयाँले तालिम प्रदायक संस्था सञ्चालन गर्न कठिन भइरहेको अवस्थामा सरकारले शुल्क बढाए न्यायोचित नै हुन्छ,' उनले भने ।

अहिलेसम्म सरकारले अभिमुखीकरण तालिम प्रभावकारी बनाउने नाममा तीनवटा अध्ययन समिति बनाउने र प्रतिवेदन बुझ्ने काम गरिसकेको छ भने तालिम प्रभावकारी बनाउने भन्दै पाठ्यक्रमसमेत परिमार्जन गर्ने तयारी थालेको छ । नेपालमा लिएको तालिमभन्दा विदेशमा फरक हुने भएकाले सोहीअनुरुप अभिमुखीकरणको नयाँ पाठ्यक्रम बनाउन लागिएको हो । अहिलेको पाठ्यक्रम र तालिम प्रभावकारी नदेखिएका कारण श्रमिकहरु विदेशमा अलपत्र पर्ने, कानुनी झण्झटमा फस्ने र अस्वाभाविक मृत्युसमेत हुने गरेको मन्त्रालयकै अधिकारीहरुको भनाइ छ ।

यद्यपि, नियमनको अभावमा विदेश जाने श्रमिकलाई तालिमविना नै पैसा लिएर प्रमाणपत्र दिने बेथितिका कारण समस्या निम्तिएको बताइन्छ । पछिल्लो समय वैदेशिक रोजगार विभागले गरेको नियमनका क्रममा केही तालिम प्रदायक संस्थाले अभिमुखीकरण तालिम नलिएकालाई अवैधरुपमा प्रमाणपत्र दिने, हाजिरी नराख्ने र आवश्यक भौतिक पूर्वाधारसमेत नभएको भन्दै यसको स्तरीकरण गर्न निर्देशन दिएको छ ।

त्यस्तै विनातालिम प्रमाणपत्र दिएको गुनासो आउन थालेपछि वैदेशिक रोजगार बोर्डले पनि तालिम प्रदायक संस्थाको अनुगमन तथा स्तरीकरणका लागि प्रयास भइरहेको जनाएको छ । 'छिट्टै अनुगमनमार्फत तालिमलाई श्रमिकको हित अनुकूल हुनेगरी व्यवस्थित गरिनेछ,' बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले भने, 'यदि कसैले विनातालिम अवैधरुपमा प्रमाणपत्र दिने, हाजिरी नराख्ने तथा ऐनले तोकेबमोजिमको मापदण्डविपरीत संस्था सञ्चालन गरेको पाइए कारबाही हुन्छ ।'

विशेषगरी अभिमुखीकरण तालिममार्फत वैदेशिक रोजगारीमा जाने श्रमिकको मानसिक तयारी, पासपोर्ट सुरक्षा, बिमा, श्रम स्वीकृति, स्वास्थ्य परीक्षण, सम्झौतापत्र, गन्तव्य मुलुकको समान्य कानुनी ज्ञान, कल्याणकारी कोष र वैदेशिक रोजगारसम्बन्धी जानकारी दिने गरिन्छ । यद्यपि, तालिम प्रदायक संस्थाहरुको चरम बेथितिका कारण उदेश्यअनुरुप तालिम सञ्चालन हुन नसकेको बोर्डका पदाधिकारीहरुले स्वीकार गरेका छन् । अध्ययन समितिले मन्त्रालय, बोर्ड र अभिमुखीकरण सेवाप्रदायक संस्थाबीच सेवा शुल्क, पाठ्यक्रम, शिक्षक, अनुगमन तथा निरीक्षणका विषयमा समान धारणा बनाउन काम गरिरहेको मन्त्रालयले जनाएको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौं । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔं ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# बञ्चरेडाँडामा फोहोर लैजान नदिने स्थानीयको घोषणा

■ प्रभाव संवाददाता




**काठमाडौं–** बञ्चरेडाँडा ल्याण्डफिल साइटमा उपत्यकाको फोहोरमैला लैजान बन्द गर्ने त्यहाँका स्थानीयले घोषणा गरेका छन् । बञ्चरेडाँडा ल्याण्डफिल साइट प्रभावित क्षेत्रका बासिन्दासँग विभिन्न चरणमा सरकार र काठमाडौं महानगरपालिकाले गरेका सम्झौता कार्यान्वयन नगरेको भन्दै स्थानीयले फोहोरमैला लैजान बन्द गर्ने र शान्तिपूर्ण आन्दोलन घोषणा गर्ने निर्णय गरेका हुन् ।

बञ्चरेडाँडा ल्याण्डफिल साइट प्रभावित क्षेत्र व्यवस्थापन सरोकार समितिले सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गरी स्थानीय जनताको जीवनरक्षाका लागि मानवरहित ल्याण्डफिल साइट र फोहोरमैला व्यवस्थापन दीर्घकालीन योजना नअपनाएमा असोज १ गतेदेखि सधैंका लागि बन्द गर्ने गरी शान्तिपूर्ण आन्दोलन घोषणा गर्ने जानकारी गराएका छन् ।

उक्त सम्मेलनमा समिति संयोजक श्रीराम ढुंगानाले स्वच्छरुपमा बाँच्न पाउने मानवअधिकार राज्यले सुनिश्चित गर्न नसकेको बताउँदै महानगरपालिकाले प्रभावित क्षेत्रका बासिन्दामा गरेको अविवेकपूर्ण व्यवहारमा घोर आपत्ति जनाए । 'अरुलाई बचाउन आफू मर्नुपर्ने कस्तो अत्याचार ? स्थानीय जनताको जीवनरक्षाका लागि नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्नुपर्छ ।

> मानवरहित ल्याण्डफिल साइट र फोहोरमैला व्यवस्थापन दीर्घकालीन योजना नअपनाए असोज १ गतेदेखि सधैंका लागि बन्द गर्ने गरी शान्तिपूर्ण आन्दोलन घोषणा गर्ने

पुस्तौंपुस्ताले सहेको यो व्यवहार दीर्घकालीन समाधान नभएसम्म ल्याण्डफिल साइटमा फोहोर लैजान सधैंका लागि बन्द गर्छौं,' उनले भने ।

प्रभावित क्षेत्रका पीडित व्यक्ति हरि लामाले फोहोर र मानव एकैठाउँमा रहन नसकिने उल्लेख गर्दै सरकारले गरेको अपहेलना सहच नभएको बताए । उनले आफूहरु आन्दोलन गर्न बाध्य भएको गुनासो गरे । समितिका उपसंयोजक सुमित्रा ढकालले समस्या समाधान गर्न प्रभावित क्षेत्रमा मानव बस्ती हटाई व्यवस्थापन गर्नुपर्ने या फोहोरको स्रोत जहाँ छ त्यसको व्यवस्थापन सोही पालिकामा हुनुपर्नेमा जोड दिए ।

ककनी गाउँपालिका-२ का कार्यवाहक अध्यक्ष चुयामे तामाङले बञ्चरेडाँडाको फोहोरबाट जनतालाई टाढा राख्न सबै एकजुट हुनुपर्ने बताउँदै जनतालाई आफ्नो जीवन रक्षाका लागि आन्दोलन गर्नुपर्ने बाध्यता सिर्जना नगरिदिन महानगरपालिकालाई आग्रहसमेत गरे ।

काठमाडौं महानगरपालिका र उपत्यकाका अन्य नगरपालिकासमेतको सयुंक्त षडयन्त्रमा प्राविधिकलाई आफ्नो एकाधिकारमा राखी मानव अस्तित्व समाप्त गराउने योजनामा महानगरपालिका लागेकोले फोहोरमैला प्रवेश गर्न पूर्णरुपमा रोक लगाउने समितिले निर्णय गरेको, प्रभावित क्षेत्रसँग सरकारले गरेका निर्णय कार्यान्वयन नगरेको, हानिकारक फोहोरमैला प्रतिबन्ध नगरेको, महानगरपालिका समेतले १८ वर्षसम्म गरेका गैरजिम्मेवार कार्यबारे समितिले उल्लेख गरेको छ ।

समितिले प्रभावित क्षेत्रलाई विशेष संवेदनशील क्षेत्र घोषणा गरी मानव बस्तीरहित ल्याण्डफिल साइट विकास क्षेत्र, फोहोरमैला प्रदूषणरहित बस्ती विकास क्षेत्र, प्रभावित क्षेत्रलाई विशेष संवेदनशील क्षेत्र घोषणा गरी शीघ्र कार्यान्वयन गर्नुपर्ने, प्रधानमन्त्री कार्यालयको मातहातमा काम कारबाही गर्ने गरी फोहोरमैला विकास प्राधिकरण गठन गर्नुपर्ने विषयको कार्यान्वयन अवलम्बन गर्नुपर्ने माग राखेको छ ।


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FLEX FACILITY MANAGEMENT L.L.C

पूर्व स्वीकृति मिति २०८०/०२/१७ पुनः विज्ञापन स्वीकृति मिति २०८०/०५/११ LT. No. 286898 चलानी नं. ६०२०२२७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/cleaning Worker | 50 | 0 | 800 | २८,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard/life Guard/guard/happiness Consulta | 22 | 0 | 1200 | ४३,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NOVA INTERNATIONAL PVT. LTD.** श्रम ईजाजत नं. १०१९/०६८/०६९

Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al Barakah Kuwait General Trading & Contracting Co ( CROWNE PLAZA /HOLIDAY INN HOTEL )

पूर्व स्वीकृति मिति २०७८/११/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/११ LT. No. 258687 चलानी नं. ६०१७५११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Commis I | 5 | 5 | 140 | ६०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Commis II | 5 | 10 | 120 | ५२,०७५ | | | | | | | |
| 3 | Housekeping Attendan | 7 | 4 | 100 | ४३,३९५ | | | | | | | |
| 4 | Kitchen Steward. | 11 | 0 | 100 | ४३,३९५ | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४३,३९५ | | | | | | | |
| 6 | Receptionist / Gsa | 5 | 5 | 200 | ८६,७९० | | | | | | | |
| 7 | Waiter/waitress | 5 | 6 | 120 | ५२,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np


## मिनी संसद्मा...

पृष्ठ १ बाट जारी

समितिका ज्येष्ठ सदस्यले समिति बैठकको अध्यक्षता गर्थे तर प्रभावकारी ढंगले बैठक सञ्चालन हुन सकेको थिएन । यस्तो अवस्थाबीच आइतबार नौवटा समिति र सोमबार एउटा समितिका गरी १० सभापति निर्विरोध निर्वाचित भएपछि समितिहरूले नेतृत्व पाएका हुन् ।

कांग्रेस सांसद सन्तोष चालिसे अर्थ समिति, कांग्रेसकै रामहरि खतिवडा राज्य व्यवस्था समिति र डा. आरजु राणा कृषि, सहकारी तथा वातावरण समितिको सभापति चयन भए । नेकपा एमालेका सांसद किरण साह महिला समिति तथा ऋषिकेश पोखरेल लेखा समिति सभापति हुँदा माओवादी सांसद विमला सुवेदी कानुन, न्याय तथा मानवअधिकार समिति सभापति भइन् ।

यसैगरी राप्रपा सांसद दीपकबहादुर सिंह पूर्वाधार विकास समिति सभापति, नेकपा एकीकृत समाजवादीका सांसद भानुभक्त जोशी शिक्षा तथा स्वास्थ्य समिति सभापति हुँदा जनता समाजवादी पार्टीका सांसद राजकिशोर यादव अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समिति सभापति र जनमतका सांसद अब्दुल खान उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण समिति सभापति भए । सबै समितिका सभापति निर्विरोध चयन भएका हुन् । यसअघि आइतबार उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण समितिबाहेक नौ वटा समितिमा एक-एक जनाको मात्रै उम्मेदवारी परेको थियो । एक जनाको मात्रै उम्मेदवारी परेका समितिमा स्वतः सभापति निर्वाचित भए । उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण समितिमा भने रास्वपाका उम्मेदवार गणेश पराजुलीले उम्मेदवारी फिर्ता लिएपछि जनमतका सांसद खान निर्विरोध सभापतिमा निर्वाचित भए ।

समिति सभापतिहरूले पद तथा गोपनीयताको शपथ लिएपछि समितिलाई प्रभावकारी र सरकारलाई जवाफदेही बनाउने प्रतिबद्धता जनाए । समितिहरूको कार्याधिकार क्षेत्रमा रहेर निरीक्षण र अनुगमन गर्ने पनि उल्लेख गरेका छन् । राज्य व्यवस्था समिति सभापति खतिवडाले समिति सुशासनमा केन्द्रित हुने बताए । 'देश कस्तो अवस्थामा छ ? सबैलाई थाहा छ । सरकारले केही गर्न खोजेको छ तर डा. ल्हारक्याल लामाजस्ता व्यक्ति नियुक्त भइरहेका छन् । यसले सरकारप्रति वितृष्णा बढाउँछ,' उनले सभापति निर्वाचित भएपछि पत्रकारहरूसँग भने, 'मुलुकलाई के गर्दा फाइदा हुन्छ, त्यसतर्फ समितिले काम गर्छ । सुशासनका लागि समितिले काम गर्छ ।'

लेखा समिति सभापति पोखरेल महालेखाको प्रतिवेदनलाई आधार मानेर बेरुजुलाई प्राथमिकतामा राखेको बताउँछन् । अहिले मुलुकको आर्थिक स्थिति जटिल अवस्थामा रहेकाले आर्थिक अनुशासन कायम गर्न भूमिका निभाउने उनको योजना छ । 'अहिलेको अवस्था डरलाग्दो छ । जनताको करलाई सुरक्षित गर्ने र सरकारले गरेको खर्चलाई पारदर्शी बनाउन समितिले भूमिका खेल्छ । सरकारलाई आवश्यक सुधारका लागि राय सुझाव दिन्छौं,' पोखरेलले भने ।

अर्थ समिति सभापति सन्तोष चालिसेले मुलुकको आर्थिक स्थितिको सुधारमा समितिले काम गर्ने बताए । त्यसका लागि समितिमा रहेका पूर्वअर्थमन्त्रीहरू र विज्ञसँग छलफल गरेर अर्थतन्त्र सुधारका लागि प्रभावकारी काम गर्ने उनको भनाइ छ । महिला समितिका सभापति किरण साहले भक्तपुरको बाल सुधारगृहमा भएको झडपको अनुगमन गर्ने बताएका छन् । उनका अनुसार बालगृहमा भएको घटना निकै गम्भीर हो ।

कानुन, न्याय तथा मानवअधिकार समिति सभापति सुवेदीले शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने बताइन् । उद्योग, वाणिज्य तथा श्रम उपभोक्ता हित समिति सभापति खानले बन्द भएका उद्योग खोल्नका लागि अनुगमन र निरीक्षण गर्ने बताए । शिक्षा तथा स्वास्थ्य समितिका सभापति जोशीले तत्काल शिक्षा ऐन बनाउन समितिले प्रभावकारी भूमिका खेल्ने बताए । यस्तै अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति सभापति यादवले पराराष्ट्र विज्ञहरूसँग तत्काल छलफल गर्ने बताए भने कृषि सहकारी तथा वातावरण समिति सभापति आरजु राणा र पूर्वाधार विकास समिति सभापति दीपकबहादुर सिंहले पनि समितिको क्षेत्राधिकारभित्र रहेर सरकारलाई जवाफदेही बनाउन भूमिका खेल्ने प्रतिबद्धता जनाए ।


### Invitation for Bids

## Chaurjahari Municipality
## Office of Municipal Executive

**Chaurjahari Rukum (West)**

## Invitation for Electronic Bids for the [Supply, Delivery of Medicine & Surgical for Chaurjahari Municipality, Rukum (West)]

***IFB No.: CJM/GOODS/NCB/01/080/081***

**Date of Publication: 2080/05/12**

1. Chaurjahari Municipality invites bid for Procurement of Supply, Delivery of Medicine and Surgical for Chaurjahari Municipality Rukum (West). Bidding is open to all eligible Bidders as per qualification criteria.
2. The Chaurjahari Municipality invites electronic bids from eligible bidders for the procurement of Supply, Delivery of Medicine and Surgical of Chaurjahari Municipality, Rukum (West) under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Chaurjahari Municipality or may visit e-GP system: ***www.bolpatra.gov.np/egp*** .
4. Bidding documents is available online and can be downloaded from e-GP system: ***www.bolpatra.gov.np/egp.*** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document fee & Bid Security in the following bank.
   Name of the Bank: Rastriya Banijya Bank
   Name of the Office: Chaurjahari Municipality
   Office Code No. : 801065
   Office Account No. : 4330100301010002 Rajaswa Khata & Dharauti Khata No.: 4330100303000002
   Revenue Head No. : 14265
5. Pre-bid meeting shall not be held.
6. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Chaurjahari Municipality on or before 2080/06/11, 12:00 PM.
7. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 2080/06/11, 1:00 PM at the office of Chaurjahari Municipality. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of 1,26,000.00 which shall be valid for minimum 30 days beyond the bid validity period.
8. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

| S.N | Contract ID | Description of Items | Estimated Amount | Bid Security | Bid Document Form Fee (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1. | CJM/GOODS/NCB/01/080/081 | Supply, Delivery of Medicine & Surgical for Chaurjahari Municipality, Rukum (West) | 5012238.00 | NRs. 1,26,000.00 | NRs. 3,000.00 |

**Chief Administrative Officer**
**Chaurjahari Municipality**

# 'लम्पी स्किन प्रभावितलाई क्षतिपूर्ति दिने कार्यविधि तत्काल टुंग्याऊ'

**काठमाडौं (प्रस)–** राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक)ले देशभर पशु चौपायामा देखिएको लम्पी स्किन रोगबाट किसानलाई परेको असरको आकलन र त्यसको क्षतिपूर्तिका लागि तत्काल कार्यविधि बनाउन निर्देशन दिएको छ ।

प्रधानमन्त्री पुष्पकमल दाहालको अध्यक्षतामा बसेको एनडेकको ५१औं बैठकले तत्काल यस्तो कार्यविधि बनाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको हो । 'लम्पी स्किन रोगबाट मरेका पशुचौपायाको क्षतिपूर्तिको विषय छिटो अगाडि बढाउने निर्णय भएको छ । यो रोगबाट किसानलाई पुगेको आर्थिक क्षतिको आकलन गरि क्षतिपूर्ति कसरी वितरण गर्ने भन्नेबारे तत्काल कार्यविधि बनाई पेस गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिइएको छ,' एनडेकको निर्णयबारे जानकारी दिँदै राष्ट्रिय योजना आयोगका प्रवक्ता सुमन दाहालले भने, 'क्षतिपूर्तिको विधि कस्तो बनाउने भनेर कृषि मन्त्रालयलाई खाका पेस गर्न भनिएको छ ।'

विभिन्न पूर्वाधार आयोजनामा प्रभावकारी समन्वय हुन नसक्दा देखिएका समस्या समाधानका लागि आवश्यक पहल गर्न एनडेकले निर्देशक दिएको पनि दाहालले बताए । 'हामीले बनाउने पूर्वाधारको युटिलिटी कोअर्डिनेसन पुगेको छैन भन्ने विषय एउटा एजेण्डा थियो । यसलाई समाधान गर्नका लागि के गर्न सकिन्छ भनेर सम्बन्धित निकायमार्फत सुझाव पेस गर्न भनिएको छ । तीन तहका सरकारबीच प्रभावकारी समन्वय हुन नसक्दाका समस्या समाधानका लागि पनि आवश्यक कदम चाल्ने निर्णय भएको छ,' प्रवक्ता दाहालले भने ।

समानीकरण अनुदान बढाउनुपर्ने र सःशर्त अनुदानको हिस्सा घटाउनुपर्ने भन्दै प्रदेश र स्थानीय तहले राख्दै आएको मागको विषय पनि एनडेकको बैठकमा छलफल भएको दाहालले जानकारी दिए ।

त्यसैगरी, त्रिभुवन विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालयबीच जनशक्ति समायोजन गर्ने तथा भौतिक पूर्वाधार र जग्गा व्यवस्थापनबारे अध्ययन गरी दुई महिनाभित्र पेस गर्न योजना आयोगको शिक्षा क्षेत्र हेर्ने सदस्यको संयोजकत्वमा कार्यदल गठन गरिएको छ ।

## प्रहरी...

पृष्ठ १ बाट जारी

बागमती प्रदेशका मुख्यमन्त्री जम्कट्टेलले संघीय निजामती ऐन, संघीय शिक्षा ऐनलगायतका महत्त्वपूर्ण ऐन ल्याउन र प्रदेश सरकारलाई सबल बनाउन आग्रह गरे ।

नागरिकलाई सहजरुपमा सेवा प्रदान गर्न अवलम्बन गरिएको प्रणालीलाई सहज र सबल बनाउन पनि महत्त्वपूर्ण कानुन छिटो निर्माण हुनुपर्नेमा ढिलाइ भएकाप्रति उनले गुनासो गरे । मुख्यमन्त्री जम्कट्टेलले निजामती विधेयकमा राखिएका केही प्रावधानप्रति आपत्ति प्रकट गर्दै प्रदेश सरकारमार्फत नै स्थानीय तहमा प्रमुख कार्यकारी अधिकृतलगायतका कर्मचारीको प्रबन्ध गर्न पाउनुपर्ने धारणा राखे ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चौधरीले संघबाट प्रदेशमा पठाइएका योजनाको स्रोत व्यवस्थापन हुन नसक्दा लामो समयदेखि आयोजना अलपत्र परेको गुनासो गरे । यस्तै चौधरीले लुम्बिनी विकास कोष र राष्ट्रिय निकुञ्जहरुसँग पनि प्रदेश सरकारले समन्वय र सहकार्य गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिए ।

पाँच-दश लाख रकमका योजनासमेत संघीय सरकारको कार्यक्षेत्रमा राखेर संघीयतालाई विद्रुप पारिएका आपत्ति प्रकट गर्दै आगामी आर्थिक वर्षदेखि यस्ता विषयलाई तत्काल सम्बोधन गर्न मुख्यमन्त्री चौधरीले प्रधानमन्त्रीको ध्यानाकर्षण गराए ।

कोशी प्रदेशका मुख्यमन्त्री उद्धव थापाले गत असारको सुरुआतको प्राकृतिक विपद्का कारण आफ्नो प्रदेशमा ठूलो जनधनको क्षति भए पनि हालसम्म प्रभावितले राहत नपाएकामा गुनासो गरे । उनले कोशी प्रदेशको धरानलगायतका स्थानमा डेंगीको चरम समस्या देखिएकाले तत्काल स्वास्थ्य संकटकाल घोषणा गरी उपचारको प्रबन्ध गर्न माग गरे ।

थापाले डेंगीका बिरामीलाई भुइँमा राखेर उपचार गर्नुपरेको भन्दै कोरोनाकालमा निर्माण भएको आकस्मिक अस्पताललाई तत्काल प्रदेश सरकारले सञ्चालन गर्ने वातावरण मिलाइदिन प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । मुख्यमन्त्री थापाले पूर्वमा देखिएको पहिचान पक्षधरको आन्दोलनमा उठेको मागसमेत सम्बोधन हुनुपर्ने माग गरे ।

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले आर्थिक मामिलामन्त्री भए पनि संघीय सरकारले साविककै बजेट ल्याइएको भन्दै आफ्नो प्रदेशमा भने यथार्थवादी बजेट ल्याएको बताए । आफ्नो प्रदेशको बजेट सतप्रतिशत कार्यान्वयन गराउने योजनाका साथ लागिपरेको उल्लेख गर्दै मुख्यमन्त्री शाहले प्रभावकारीरुपमा कर्मचारीको प्रबन्ध गरिदिन प्रधानमन्त्रीलाई आग्रह गरे ।

शाहले महकाली करिडोर, गेटा मेडिकल कलेजलगायत महत्त्वपूर्ण आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रुपमा सूचीकरण गरी गति दिनुपर्ने उल्लेख गरे । कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले कर्णाली प्रदेशको समग्र विकासका लागि विशेष आर्थिक प्याकेजको प्रबन्ध गर्न माग गरे । उनले पनि प्रहरी समायोजन ऐनलाई व्यावहारिक रुप दिई प्रदेशलाई बलियो बनाउनुपर्ने धारणा राखे । यस्तै, कर्णाली प्रदेशका हालसम्म पनि सहजरुपमा बिजुली उपलब्ध हुन नसकेको उल्लेख गर्दै निर्माणाधीन १३२ केभी क्षमताको प्रसारणलाइन शीघ्र निर्माण सम्पन्न गर्नुपर्नेमा जोड दिए । गण्डकीका मुख्यमन्त्री पाण्डेले कर्मचारी परिचालनमा देखिएको समस्या समाधान गर्नेगरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले काम गर्नुपर्नेमा ध्यानाकर्षण गराए । बैठकमा मधेस प्रदेशका मुख्यमन्त्री भने अनुपस्थित थिए ।

### के थियो पोखरा बैठकका निर्णय ?

प्रधानमन्त्री दाहालको अध्यक्षतामा असार १६ गते पोखरामा सम्पन्न पहिलो बैठकले विभिन्न छ बुँदे निर्णय गरेको थियो । उक्त निर्णय कार्यान्वयनका लागि सातवटै प्रदेशका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ७५३ वटै स्थानीय तह र सबै महाशाखालाई परिपत्र असार २२ गते पत्राचारसमेत गरिएको थियो ।

स्थानीय तहका जनप्रतिनिधिसहितको बैठकले छ महिनाभित्र संघीयता कार्यान्वयनमा तीन तहबीच देखिएका अस्पष्टता अन्त्य गर्नेलगायतका विभिन्न छ वटा निर्णय गरेको थियो । संघ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ को दफा १६ मा संघ, प्रदेश र स्थानीय तहको समन्वय तथा अन्तरसम्बन्ध व्यवस्थित गर्न प्रधानमन्त्रीको अध्यक्षतामा २१ सदस्यीय राष्ट्रिय समन्वय परिषद् रहने व्यवस्था छ ।

बैठकले दोहोरो-तेहरो अनुदान बन्द गर्ने, दोहोरो संरचना खारेज गर्ने, आयोजनामा पनि दोहोरोपना हटाउने, कानुन निर्माणमा प्रदेश र स्थानीय तहको सहभागिता, प्रमुख प्रशासकीय अधिकृतको दुई वर्ष सरुवा नगर्ने लगायतका निर्णय गरेको थियो । यसैगरी राष्ट्रिय समन्वय परिषद्को बैठकले एकीकृत अभिलेख प्रणालीको विकास गर्ने र जग्गा प्राप्तिलाई सहज बनाइनेलगायतका निर्णय गरेको थियो ।


**कम्पनीको नाम परिवर्तन गारिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८०/०५/१२

यस कम्पनीको मिति २०८०/०४/३० मा सम्पन्न बिशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **ड्रिमलाईन ट्रेकिङ प्रा.लि. (प्रा.लि. नं. १०१०४३** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०५/०४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ड्रिमलाईन ट्रेकिङ एण्ड टुर्स प्रा.लि.** कायम गारिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गारिएको सूचना**

यस कार्यालयमा मिति २०७६/०८/३० मा दर्ता भएको **प्रा.लि. नं. २३०३९१** को **अडियन्स नेपाल मिडिया प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०४/३० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गारिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गारिएको छ ।

**Tribeni Rural Municipality**
**Simrutu-Kharaneta**
**Rukum (West)**

**INVITATION FOR SEALED QUOTATION FOR THE PROCUREMENT OF MEDICINE**

***Sealed Quotation No: GSQ-01-2080/081***
**Date of Publication: 29-08-2023**

1) Eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Tribeni Rural Municipality Rukum (West ), tribenigp@gmail.com OR may visit PPMO website ***www.bolpatra.gov.np*** Eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 13-09-2023 12:00 PM.
2) Bidder who chooses to submit their bid electronically may download the bidding documents for e submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account.
   i. Name of the Bank: Laxmi Bank Ltd.
   ii. Name of Office: Tribeni Rural Municipality Rukum (West)
   iii. Office Account No: 08703000156
3) Sealed bids must be submitted by through e-GP system i.e www.bolpatra.gov.np/egp on or before 12:00 PM on 13-09-2023.
4) Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 40000, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.08703000084 at Laxmi Bank Ltd., Tribeni Branch, Rukum (West) and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

**Chief Administrative Officer**
**Tribeni Rural Municipality**

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**
**चावहिल, चुच्चेपाटी, काठमाडौंको**

**१४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**प्रकाशित मिति २०८० भदौ १२, मंगलबार**

उपरोक्त सम्बन्धमा यस शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि. चाबहिल काठमाडौंको मिति २०८० भदौ ८ गते शुक्रबार बसेको सञ्चालक समितिको १२०औं बैठकको निर्णय अनुसार तपसिलमा उल्लेखित मिति, स्थान र समयमा देहाय बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गर्नको लागि यस संस्थाको **१४औं वार्षिक साधारण सभा** कार्यक्रम आयोजना गरिएको हुँदा उक्त कार्यक्रममा अनिवार्य उपस्थित भई दिनुहुन सम्पूर्ण शेयर सदस्य ज्यूहरुमा हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका लागि प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फवाट कार्यकारी प्रमुखले प्रस्तुत गर्ने बार्षिक प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।
२. आ.व.२०७९/०८० को वार्षिक लेखा परिक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्वन्धमा ।
३. आ.व.२०७९/०८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन माथि छलफल गरि पारित गर्ने सम्वन्धमा ।
४. आ.व २०७९/०८० मा संचालक समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।
५. आ.व.२०८०/०८१ को लागि लेखा परिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
६. शेयर लाभांस सम्बन्धमा ।
७. कर्मचारी वोनस सम्वन्धमा ।
८. संस्थाको विनियम संशोधन गर्ने सम्वन्धमा ।
९. संस्था एकिकरण (मर्जर) गर्ने सम्वन्धमा ।
१०.संचालक समिति, लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
११.साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरणका लागी संचालक समिति र शेयर सदस्यको तर्फबाट प्रतिनिधिहरु चयन गर्ने सम्बन्धमा ।
१२.बिविध ।

**कार्यक्रम**
**मिति: २०८० साल असोज ६ गते शनिवार**
**स्थान: एस.आर ब्यांकेट**
**धुम्बाराही, आनन्दनगर, काठमाडौं**
**समय: दिनको २:०० बजे**

**ग्याल्जेन लामा**
**नि सचिव**
**संचालक समितिको आज्ञाले**

**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.**

मुख्य कार्यालय चुच्चेपाटी, चावहिल, काठमाडौं
फोन नं.४५६१३२७, ४५६१७५६

सदस्य सेवा केन्द्र, न्युरोड, काठमाडौं
फोन नं.५३६५०८९, ५३६५०८७

Mail: shubhaprava.cop@gmail.com, Website: www.shubhaprava.com.np

**Kamalamai Municipality**
**Office of the Municipal Executive**
Sindhulimadi, Sindhuli
Bagmati Province, Nepal

**Invitation for Sealed Quotations for the works specified in the table hereunder**

**Date of publication : August 29, 2023**

1. **Kamalamai Municipality, Office of The Municipal Executive** invites electronic sealed quotations from Nepalese eligible manufacturers/suppliers for the **Procurement & Supply works specified in the table herewith under** Sealed Quotations procedures. The estimated amounts for the works are **asstated in the table herewith.**
2. Eligible manufacturers/suppliersmay obtain further information and inspect the Sealed Quotations Documents at the PPMO website www.bolpatra.gov.np/egp.
3. Manufacturers/suppliersto submit their sealed quotation electronically may download the sealed quotation documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Manufacturers/suppliers submitting their sealed quotations electronically only, should deposit the cost Nrs. 1,000.00 (Nrs. One Thousands) non-refundable of sealed quotations document in the internal revenue account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the sealed quotations at the time of electronic submission of the sealed quotations . Information to deposit the cost of sealed quotations document in Bank:
   **Name of the Bank : Rastriya Banijya Bank, Sindhuli**
   **Name of Office : Kamalamai Municipality, Office of the Municipal Executive, Sindhuli**
   **Office Account no. : 1060100301010003**
4. Electronic sealed quotations must be submitted to the office **Kamalamai Municipality, Office of The Municipal Executive,** Sindhuli byPPMO website www.bolpatra.gov.np/egp on or before **12:00 P.M.on** September **13, 2023.**
5. The electronics sealed quotations will be opened in the presence of suppliers representatives who choose to attend at **1:00 P.M. on September 13, 2023** at the office of **Kamalamai Municipality, Office of The Municipal Executive,** Sindhuli. Sealed quotations must be valid for a period of 45 Days after sealed quotations opening and must be accompanied by a sealed quotations securityor scanned copy of the sealed quotations security i. pdf format in case of e-sealed quotations,amounting to a minimum of **as specified in the table herewith** Project's Dharauti (Deposit) account as specified below, which shall be valid for 30 days beyond the validity period of the sealed quotations.
   **Name of the Bank : Rastriya Banijya Bank, Sindhuli**
   **Name of Office : Kamalamai Municipality, Sindhuli**
   **Office Account no. : 1060100303000003**
6. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The employer reserves the right to accept or reject, wholly or partly any or all the sealed quotations without assigning reason, whatsoever.

| Sealed Quotation Identification No. | Name of Works | Estimated amount excluding VAT& Contingencies' (NRs.) | e-Sealed quotations security Amount (NRs.) |
|---|---|---|---|
| KMU/SIN/Works/ SQ/02/080/081 | Buspark Stall Construction, Kamalamai Municipality-6, Sindhuli | 1,043,453.74 | 32,000.00 |

**(Chief Administrative Officer)**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### न्यायालयमा सुधारको आशा

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले नेतृत्व सम्हालेसँगै सर्वोच्च अदालतमा सुधारको संकेत देखिएको छ । शपथको केही दिनमै बजेटले ब्युँताएको सांसद विकास कोषको कार्यान्वयन रोकेका श्रेष्ठले सर्वोच्चमा स्वचालित प्रणालीमा पेसी चढ्ने प्रणाली सुरु गरेका छन् । यो प्रणाली लागू भएसँगै अदालतमा हुने अनियमितता र कर्मचारीहरूले मनमौजी प्रवृत्तिको अन्त्य हुने विश्वास गरिएको छ । कर्मचारीले आफ्नो चिनजानको भए चाँडै पेसी चढाउने वा उनीहरूले भनेअनुसारको समय मिलाउने र सर्वसाधारणको मुद्दालाई लम्बेतान पार्ने प्रवृत्तिले यसअघि धेरैले हैरानी खेपे । पेसीको मिति अघि वा पछि पार्नकै लागि आर्थिक चलखेल हुने गुनासोसमेत आउने गरेका छन् ।

ढिला न्याय दिनु अन्यायसरह हो भन्दै आए पनि कर्मचारीले यस्तो चलखेल जारी राखे । बेलैमा पेसी राख्न कर्मचारीलाई दक्षिणा चढाउनैपर्ने धन्दा चल्दा अदालतको पहिलो ढोकामै न्याय माग्न आउने निराश हुन्थे । कर्मचारीले आफूखुसी गर्न थालेको विषय चौतर्फी आलोचित भएपछि सर्वोच्चले स्वचलित(अटोमेसन) प्रणालीबाट पेसी तोक्न थालेको हो । प्रधानन्यायाधीश श्रेष्ठले भ्रष्टाचार, अनियमितता रोक्न अदालतलाई प्रविधिमैत्री बनाउन लागिएको उल्लेख गर्दै मुद्दा दर्ता भैसकेपछि पेसी तोक्दा पनि चलखेल हुने गरेको भन्ने गुनासो सम्बोधन गर्न स्वचालित प्रणाली अपनाउन लागिएको हो । अटोमेसनमा गएपछि मानवीय हस्तक्षेपको अन्त्य हुने विश्वास उनले लिएका छन् । कर्मचारीमै भर पर्दा सेवाग्राहीको मुद्दा पेसीमा चढ्न महिनौं लाग्थ्यो ।

कर्मचारीमात्र हैन पहुँच भएका कानुन व्यवसायीले मिलेमतोमा पेसी अगाडि सार्ने र पछाडि धकेल्ने कामबाट कतिपय पीडित हुँदै आएका थिए । अहिले सर्वोच्चमा मात्रै पेसी तारेखका लागि स्वचालित प्रणाली लागू भएको हो । उच्च र जिल्ला अदालतमा भने पछिमात्र यो प्रणाली लागू गर्ने तयारी गरिएको छ । स्वचालित प्रणाली लागू भएपछि पुराना मुद्दालाई हरेक दुई महिनामा पेसी सूचीमा चढाइनेछ । पाँच वर्ष नाघेका मुद्दालाई दुई महिना नाघ्न नपाउनेगरी स्वचालित प्रणालीमा राखिएको सर्वोच्चले जनाएको छ । सर्वोच्च अदालतमा भ्रष्टाचार, बैंकिङ, संवैधानिक, रिटलगायत छुट्टाछुट्टै विषयमा मुद्दा दर्ता फाँट छन् । विषयगत फाँटअनुसार नै मुद्दाको अटोमेसन हुने सर्वोच्चले जनाएको छ ।

स्वचालित प्रणाली लागू भएपछि कुनै पनि मुद्दालाई पेसीमा चढ्न छ महिनाभन्दा बढी समय लाग्ने छैन । कुनै मुद्दाका पक्षलाई विपक्षले दुःख दिनुपरे पनि पेसी तारेखमा असहयोग गरिँदै आएको छ । हालसम्म तारेख लिन वादी प्रतिवादी दुवै उपस्थित हुनुपर्ने व्यवस्था छ । स्वचालित प्रणालीमा गएपछि पेसी तारेख लिन दुवै पक्ष उपस्थित हुनुपर्ने छैन । प्रधानन्यायाधीशको यो कदम स्वागतयोग्य छ । उच्च र जिल्ला अदालतमा पनि यो प्रणाली चाँडै लागू होस् ।

# निर्यात उद्योग र हस्तकलामा देखिएका समस्या



▶▶ रविन्द्रराज ताम्राकार

नेपालले २०८५ सालसम्म गरिबीको रेखामुनिको पाँच प्रतिशत र २१०० मा शून्यमा झार्ने लक्ष्य लिएको छ । यसका लागि हस्तकला उद्योगहरूको विकासले केही योगदान पुग्न सक्छ । अर्थतन्त्रका महत्वपूर्ण परिसूचक विवरण र तथ्यांकहरू समावेश गरिएको आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३० सम्ममा माध्यम आय भएको देशमा रूपान्तर हुँदै समुन्नत तथा समृद्ध समाजवाद उन्मुख अर्थतन्त्रको आधारशीला निर्माण गर्ने लक्ष्य छ । यसका लागि हस्तकला उद्योगहरूको भूमिका महत्वपूर्ण हुन सक्छ ।

नेपालमा उत्पादित वस्तुको निर्यातका लागि भन्सार जाँचपास प्रक्रिया सहज हुन सकेको छैन । कच्चा पदार्थ र तयारी वस्तुबीच भन्सार दर फरक-फरक हुने व्यवस्था भए पनि कार्यान्वयनमा अझै आउन सकेको छैन । विश्वका अन्य मुलुकमा भन्सारमा लाग्ने समय र वस्तु निर्यात गर्दा आवश्यक पर्ने कागजात नेपालको भन्दा निकै सहज रहेको हुन्छ तर नेपालमा भने अझै पुरानो प्रवृत्ति नै हाबी छ ।

विश्वका २३ वटा मुलुकमा निर्यातका लागि कागजात तयार गर्दा एक घण्टा लाग्ने गरेको एक अध्ययनले देखाएको छ । १६ मुलुकमा निर्यातमा भन्सार जाँच पास गर्दा एक घण्टाभन्दा कम लाग्ने गर्दछ । यसैगरी १७ मुलुकमा निर्यातका लागि शून्य लागत र १६ मुलुकमा सीमा क्षेत्र पार गर्दा लाग्ने लागत शून्य छ । छिमेकी राष्ट्र भुटानमासमेत आयात र निर्यातमा समान समय लाग्छ तर नेपालमा भन्सारमा ११ घण्टा लाग्ने गरेको छ । यसलाई व्यवस्थित नगरेसम्म नेपालको निर्यात प्रवर्द्धन हुन सक्दैन ।

कच्चा पदार्थमा भन्सार महशुल छुट, पुँजीगत सबै वस्तुमा भन्सार छुट वा अर्धप्रशोधित वस्तुमा भन्सार छुट गर्दा उत्पादन वृद्धि हुने विश्व बैंकको अध्ययनले देखाएको छ । यसले गर्दा निर्यात बढ्ने र उल्लेख्य रोजगारी बढ्ने पनि हुन्छ । वैदेशिक व्यापारमा एकल द्वार प्रणाली लागू गनुपर्ने र एक्सरे मेसिन जस्ता न्यूनतम प्रविधिको प्रयोग गरी भन्सार जाँचपास प्रक्रिया सरल बनाउनु नितान्त आवश्यक छ । निर्यात क्षेत्रमा यतिको गर्न सकेको खण्डमा नेपालमा नै केही गर्न सकिन्छ र निर्यातमुखी उद्योग स्थापना भई नेपालले विदेशी मुद्रा आर्जन गर्न सकिने हुन्छ । निर्यातमा सहजीकरणका साथै देशमै अवसर सिर्जना गरी योग्य श्रमशक्ति पलायनको चक्रलाई रोक्नु अहिलेको टड्कारो आवश्यकता पनि हो ।

गत आर्थिक वर्षमा कूल वस्तु व्यापार घाटा अघिल्लो आवको तुलनामा १५.५ प्रतिशतले कमी आएता पनि व्यापार घाटा १४ खर्ब ५४ अर्ब ५९ करोड रुपैयाँ रहेको छ । आव २०७८/७९ को असार मसान्तसम्म नेपालको निर्यात व्यापार दुई खर्ब तीन करोड रुपैयाँ पुगेकामा, आव २०७९/८० मा कूल वस्तु निर्यातमा २१.४ प्रतिशतले कमी आई एक खब ५७ अर्ब १४ करोड रुपैयाँमा सीमित भएको छ । नेपालमा निर्यातयोग्य उद्योगमा भएका बेथितिका कारणले गर्दा नेपालको निर्यात व्यापार खस्कँदो अवस्थामा पुगेको हो । नेपालबाट निर्यात हुने नेपाली हस्तकला, काष्ठकलालगायतका उद्योगहरुलाई सरकारले प्राथमिकतामा राख्न नसक्दा यो क्षेत्रको निर्यात व्यापार पनि कमजोर हुँदै गएको अवस्था छ ।

वास्तवमा नेपाल परम्परागत कला र संस्कृतिमा मात्र नभई मौलिक हस्तकला उत्पादनमा पनि अग्रणि छ । यहाँका उत्पादन संसारमै पृथक नमूनाका रूपमा स्वीकार गरिन्छ । खासगरी फेल्ट, धातुकला, पस्मिना, काष्ठकला, पेपर क्राफ्टलगायतका नेपाली उत्पादन विश्वमा निकै लोकप्रिय छन् । नेपाली उत्पादन अमेरिका, युरोप, जापान तथा क्यानडालगायतमा मुलुकमा लोकप्रिय मानिन्छन् । तर, यसका लागि राज्यले नीतिगत व्यवस्था गर्न सकेको छैन । अनि लगानीका लागि प्रयास पनि गरिएको छैन । मुलुकभित्रको उपलब्ध साधन स्रोतको अवस्था हेर्दा यो अथाह सम्भावना भएको क्षेत्र हो । सरकारले हस्तकला नीति स्पष्ट रुपमा नबनाउँदा व्यवसाय प्रवर्द्धन र उत्पादित सामग्री प्रचारमा समस्या हुने गरेको छ । अमेरिका, युरोपेली मुलुकहरू, चीन, भारतलगायत अन्य मुलुकमा २५ भन्दा बढी विभिन्न प्रकारका हस्तकला वस्तुको निर्यात भइरहेको छ । हस्तकला क्षेत्रमा झण्डै ११ लाख व्यक्तिले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपबाट रोजगारी प्राप्त गरिरहेका छन् ।

नेपालमा हस्तकलाको बजार करिब १० अर्बको छ यसलाई प्रवर्द्धन गर्न सकेको खण्डमा र राज्यले नीति बनाएर यसको संरक्षण र प्रवर्द्धन गरेको खण्डमा निर्यात व्यवसाय चार गुणाले बढाउन सकिन्छ । सरकारले हस्तकलाको विकासका लागि कुनै नीति ल्याउन सकेको छैन, जुन सबैभन्दा विडम्बनाको कुरा हो निर्यातमा पाँच प्रतिशत सहुलियतका साथै कुनै पर्यटक नेपालमा आएर कुनै सामान खरिद गर्छ, ऊ फर्कंदाखेरि उसले लिएको बिलविजक विमानस्थलमा प्रस्तुत गऱ्यो भनेर पाँच प्रतिशत छुट दिनसके पर्यटन पनि बढ्ने र व्यवसाय पनि बढ्ने देखिन्छ । हस्तकला उद्योगमा संलग्न प्रत्यक्ष र अप्रत्यक्ष गरी ११ लाख जति व्यक्तिले रोजगारी पाएका छन् । परन्तु यहाँ कामको सम्मान गर्ने प्रवृत्ति नभएकाले यस व्यवसायमा युवाहरुको आकर्षण बढ्न सकेको छैन । बरु विदेशमा गएर तल्लो स्तरको काम गर्न रुचाउँछन् । आफ्नो पुस्तेनी व्यवसायलाई अगाडि बढाउन चाहँदैन । यही अवस्था रहिरहने हो भने एक दशकभित्र नै नेपालमा हस्तकला क्षेत्रमा आवश्यक जनशक्ति समाप्त हुनेछ । यसर्थ सरकारले यसतर्फ पनि ध्यान दिनु आवश्यक छ ।

पछिल्लो समय हस्तकलाका सामानहरु छिमेकी राष्ट्रहरु, युरोप र अमेरिकामा बढे पनि कामदारहरुको कमीले गर्दा माग पूर्ति गर्न सकिएको छैन । श्रमको कमीले गर्दा केही समययता भारत र बंगलादेशका कालिगडहरुले पनि सुनचाँदीको गहना एवं विभिन्न हस्तकलाका सामानहरु बनाउँदै आएका छन् । यतिमात्र होइन, कालिगडहरुलाई तालिम दिने संस्थाहरुको अभावमा, यहाँबाट उत्पादित सामानको गुणस्तर अभिवृद्धि गर्न सकिएको छैन । हस्तकलाको प्रवर्द्धनका लागि समसामयिक तालिमको आवश्यकता छ । तर, यहाँ उक्त कलासम्बन्धी तालिम दिने संस्थाहरु छैनन् । त्यसैले यस सम्बन्धमा सम्बन्धित पक्षको ध्यान जान आवश्यक छ ।

भारत र बंगलादेशमा हस्तकलाका सामानहरु बनाई निर्यात गर्ने संघसंस्थाहरुलाई प्रोत्साहन दिने विशेष व्यवस्था भएकाले ती देशहरुमा उक्त व्यवसायमा संलग्न व्यक्तिहरु उत्साहित छन् । यहाँ हालसम्म पनि उक्त व्यवस्था गर्न नसकिएकाले सम्बन्धित व्यक्ति तथा संस्थाहरुको ध्यान आकृष्ट हुन जरुरी छ । हस्तकलामा युवाहरुको खासै चासो देखिँदैन । त्यसैले विद्यालयहरुको पाठ्यक्रममा हस्तकलासम्बन्धी कुराहरु समावेश गर्नसके भविष्यमा यहाँका युवा उक्त कलामा आकर्षित हुने छन् । आगामी दिनमा हस्तकलाका सामानहरुको माग अभिवृद्धि गर्न यिनीहरुको डिजाइनमा पनि केही परिवर्तन गर्न जरुरी छ । यसका लागि अन्तर्राष्ट्रियस्तरका डिजाइनरहरु झिकाइ यहाँका कालिगडहरुलाई समसामयिक तालिम दिन आवश्यक छ ।

नेपालले २०८५ सालसम्म गरिबीको रेखामुनिको पाँच प्रतिशत र २१०० मा शून्यमा झार्ने लक्ष्य लिएको छ । यसका लागि हस्तकला उद्योगहरुको विकासले केही योगदान पुग्न सक्छ । अर्थतन्त्रका महत्त्वपूर्ण परिसूचक विवरण र तथ्यांकहरु समावेश गरिएको आर्थिक सर्वेक्षण २०७५/७६ अनुसार आर्थिक, भौतिक तथा सामाजिक पूर्वाधार विकास गरी सन् २०३० सम्ममा माध्यम आय भएको देशमा रुपान्तर हुँदै समुन्नत तथा समृद्ध समाजवाद उन्मुख अर्थतन्त्रको आधारशीला निर्माण गर्ने लक्ष्य छ । यसका लागि हस्तकला उद्योगहरुको भूमिका महत्त्वपूर्ण हुन सक्छ । भन्सारमा सहजता, नेपालमै अन्तर्राष्ट्रिय मेलाको आयोजना सरकारले नै गर्नुपर्ने अहिलेको आवश्यकता हो ।

नेपालमा एउटा भरपर्दो र सुविधायुक्त अन्तर ाष्ट्रिय प्रदर्शनी केन्द्र नभएका कारणले पनि निर्यात व्यापारको प्रवर्द्धन हुन सकिरहेको छैन । विभिन्न व्यावसायिक संगठनहरुले आयोजना गर्दै आइरहेको अन्तर्राष्ट्रिय मेलाहरुमा विदेशी खरिदकर्ता ल्याउन नसकेको तीतो यथार्थ हो । यसले गर्दा अन्तर्राष्ट्रिय व्यापार मेलाको नाममा स्वदेशी खरिदकर्तालाई नै देखाएर मेला गर्नुपर्ने अवस्था रहेको छ । त्यस्ता मेलाहरु निर्यात प्रवर्द्धनमा प्रभावकारी हुन नसकेको हुँदा साना-साना मेलाहरु छुट्टा-छुट्टै गर्नुभन्दा सबैलाई समेट्नेगरी एउटै मेला प्रभावकारी रुपमा राज्यस्तरबाट नै आयोजना गर्नु आवश्यक रहेको छ । आव २०७८/७९ को बजेट वक्तव्यमा बुँदा नं. १८३ मा नै काठमाडौं उपत्यकाभित्र नेपाल सरकार र निर्यात व्यवसायी महासंघ नेपालको साझेदारीमा अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्र निर्माण गरिने उल्लेख भए पनि यो कार्यान्वयनमा आउन सकेन ।

यसैगरी निर्यातमूलक उद्योगका लागि अन्य प्रतिस्पर्धी मुलुकहरुमा जस्तै १० वर्षमा सहुलियत ब्याजदरमा निर्यात ऋण उपलब्ध गराउने व्यवस्था मिलाउन सक्नुपर्दछ । हालसम्म नेपाल सरकारले निर्यात क्षेत्रको पूर्वाधारका लागि नगन्य मात्रामा बजेटको व्यवस्थापन गरेको हुँदा आगामी दिनमा कृषिमा जस्तै निर्यात उद्योगको विकासका लागि पूर्वाधार विकासमा ५० प्रतिशत अनुदानको व्यवस्था गरिनु आवश्यक छ । चुलिँदो व्यापार घाटालाई न्यूनीकरण गर्नका लागि स्वदेशी उत्पादन वृद्धि गर्दै निर्यात प्रवर्द्धन गर्नु मुख्य उपाय हो । यस विषयलाई मध्यनजर गर्दै सबै क्षेत्र चनाखो हुनु अहिलेको आवश्यकता हो । *रासस*

***(लेखक हस्तकला व्यवसायी हुन्)***

## मनन्योग्य

### चाणक्य नीति

अन्ततः कौमुदी उत्सव पनि आयो । भोलिपल्ट पूर्णिमा थियो तर राजधानी पाटलीपुत्र आजैदेखि सजिसजाउ भइरहेथ्यो । प्रत्येक हाट, प्रत्येक दुकानदार बढाई चढाई सजावट गर्दथे । नगरसेट आफै सोमदेवलाई निमन्त्रणा दिन आउँथे ।

उत्सवको सबै तयारी पूरा भयो । राजमहलको भव्यताल इन्का दरबारसँग प्रतिस्पर्धा गर्दथ्यो । सबैतिर चहलपहल थियो । रंगीविरंगी वस्त्रमा सिँगारिएका दास-दासीहरू सबै आफू आफूमा नै व्यस्त थिए ।

आजको सभा राजमहलदेखि बाहिर विशाल आंगनमा मखमली रंगीन सामियानले सुसज्जित बनाइएको थियो, ठूलाठूला तोरण, बीचमा भव्य विशाल सिंहासन, अतिथिका लागि अलग सिंहासन लगाइएको थियो । दरबारमा आउने सामन्त, राजा उच्चपदाधिकारी, नागरिक आई आ-आफ्ना स्थानमा बसेका थिए । यस्तैमा प्रहरीबाट घोषणा भयो- वीरशिरोमणि सम्राट चन्द्रगुप्त दरवारमा सवारी हुँदैछ ।

सबै अतिथि आदरसाथ आसनबाट उठे। प्रहरी, सेना अनुशासनसहित अभिवादन गर्न थाले । बिगुलको स्वरले सम्राट्को आगमनलाई सार्थक बनाएको थियो । चन्द्रगुप्त आसनमा बसे । नजिकै उनका सतर्क आँखा सम्पूर्ण दरबारियाको अवलोकन गर्दै थिए । सबैतिर स्तब्ध वातावरण थियो ।

आचार्यका संकेतले राजभट्टले चन्द्रगुप्तको प्रशंसागीत गाए । त्यसपछि चाणक्यले सबै पाहुनाको स्वागत गर्दै भन्न लागे-

'उपस्थित मान्यवर अतिथिहरू, भूपतिहरू र नागिरक । यस आर्यावर्तको इतिहासमा आजको दिन अत्यधिक महत्त्वको हुनेछ किन कि, यो विशाल मगध देशको बागडोर तपाईंहरूले यस्तो वीर र बुद्धिमान पुरुषलाई सुम्पिनुभएको छ । जसले गौरवशाली राष्ट्रको गौरव अझ माथि शिखरमा पुऱ्याउनेछ । जसका आधिपत्यले सम्पूर्ण प्रजा निर्भय र सुखले रहन सक्छन्, यो म सबैलाई विश्वास दिलाउँछु । हामी सबैसँग मैत्रीपूर्ण सम्बन्ध चाहन्छौं तर कसैले हाम्र राज्यमा आफ्नो कुचकको जाल फैलाउन चाहन्छ भने वा षडयन्त्र गर्छ भने उसलाई समुचित पाठ पढाउन पनि हामी सक्षम हुनेछौं ।'

यसपछि कुलपुरोहितले विधिपूर्वक राज्याभिषेक गरे। हपका तालीसहित राष्ट्रगीत गाइयो । त्यसपछि आ-आफ्ना सामर्थ्यअनुसार उपहार दिने क्रम चल्यो । क्रमशः




▶▶ वैकुण्ठ भण्डारी

# काले काले मिलेर खाऊँ भाले

आजकल चोकचोकमा चिया पसलहरु निकै फस्टाएका छन् । सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम के ल्याको थियो । केटाहरु चोक-चोक चिया पसल पो खोल्न थाल्या छन् । यसो हेर्दा लाग्छ नेपालीहरु खानकै लागि जन्मिएका हुन् । बिहान चिया, दिउँसो विदेशी खाजा अनि राति रसदपान । यो चोक-चोकको बेग्लै कथा छ ।

आधुनिक भट्टी युवा पुस्ताले रेस्टुरेण्ट भन्न थाल्या छन् । हजुरबाउले तान्ने गरेको तमाखु हान्न थाल्या छन् । तमाखुमात्र तान्छन् कि तमाखुभित्र अरु पनि राख्छन् । त्यो कि तान्नेलाई थाहा होला बेच्नेलाई ! जसले के गरे पनि रोजगारी त बढेको छ नि ?

चीन, कोरिया, लण्डन बिर्साउनेगरी खोलाको किनारामा त कति हो कति आधुनिक भट्टी । उऽ बेला असन र बागबजारको गल्लीमा हरियो पर्दाभित्र छिरेर सुरुप्प पार्ने लेखक, साहित्यकार, गायकहरु अझै पनि पारा त्यस्तै छ । चावहिल गणेशस्थानको छेउमा खोप्रे बाजेको ग्याङ बसेर कुरा काट्ने होस् कि मैतीदेवीको गोपाल दाइको हरियो पर्दाभित्रके के कुरा गर्नु ?

एक गिलास सुरुप्प हान्दिएपछि बूढा साहित्यकारले अंग्रेजी फुराउँथे रे ! त्यही बूढा लेखकहरुसँग छोयला, कचिला र बारासँग लोकल एक गिलास हान्दिनेहरु अहिले विदेशी ब्राण्डमा रमाउन थाल्या छन् रे ! बूढा खोप्रे बाजे तीन छक्क पऱ्या छन् । बोलाउँदै बोलाउँदैनन् । बोलाउन भनी किन उनीहरु त अहिले नेता भाका छन् नेता ! हुन पनि अब जुस र घूस नभई नहुने सरकारी कर्मचारी, त्यही कर्मचारीको फेरा समाउने जनप्रतिनिधि र आफू कंगाल बन्दा पनि दंग परेर जिन्दावाद भन्न रुचाउने जनता भएपछि ।

देश चलाउने तीन नाइके र तीन सहायक नाइकेहरु पनि पालैपालो हान्ने हो ! कहिले सुन हान्ने हो कहिले शरणार्थी हान्ने हो ? हान्नचाहिँ हान्ने नै हो । किनकि रोजगार नै त्यही हो । त्यसै प्रधानमन्त्री रोजगार सफल भाको हो र ? त्यसमा पनि विदेश दातृ निकायले धेरथोर सहयोग गरेकै छ ।

गाई मारेर हुन्छ कि सुँगुर पछारेर हुन्छ । हल्लाखल्ला गर्ने नै हो । जति हल्ला गर्न सक्यो त्यत्ति नै 'परफेक्ट' । परफेक्ट हुन त मिल्नै परो । मिलेर खाने भएकाले नै पुर्खाले छाडेछन् 'काले काले मिलेर खाउँ भाले' भन्ने उक्ति ।

कहिले के काण्ड, कहिले काण्ड चर्चा ल्याउने । सञ्चार जगतमा एकले अर्कोलाई उछितो काड्ने वाह ! अब त केही होलाजस्तो छ ? परिवर्तन नै हुने पो हो कि भन्दै जनता बबुरो फुरंग, उता सबै मिलेर भुरुंग । के को परिवर्तन हुन्थ्यो । अरुलाई नै परिवर्तन गराउने भन्ने अनि आफैं पो परिवर्तन हुने हो त जमाना ।

समयले कोल्टे फेरेर कहाँ पुगिसक्यो हामी अझै उतै कोल्टीबजारतिर हिँड्छौं । 'आफू ताक्छ मुडो, बञ्चरो ताक्छ घुँडो' भनेजस्तो । हरिहरभवन हुँदै भैंसीपाटीमा समाजवादी महल ठड्याउने हाम्रा कुर्ततेहरुको बखान हान्नु । उता २०१३ सालमा खुलेको बखान सहकारीकै कारण अहिले सबै धोती न टोपी भाका छन् ।

यो बेला भनेको त मिलेर खाने हो ? फकाएर हुन्छ कि, घुमाएर हुन्छ कि थर्काएर हुन्छ । यो पनि त स्वरोजगारको एउटा महत्त्वपूर्ण कडी पो हो त ? बुझ्दै बुझ्दैनन् । खाली खायो खायो ! अनि मान्छेको अनुहार बोकेर आएपछि नखाएर भोकै पर्नु त ?

विद्यालयमा हेऱ्यो अध्यक्ष र प्रधानाध्यपक मिलेर खाए । सरकारी अड्डामा हेऱ्यो लेखा र हाकिम मिलेर खायो । राजनीतिमा हेऱ्यो दुई-तीन पार्टीका कुर्तुतेहरु मिलेर खायो । मालपोतमा गयो लेखापढीसँग मिलाएर खायो । बैंकतिर गयो सिए-अडिटर मिलेर खायो । अस्पताल गयो डाक्टर-औषधि व्यापारी मिलेर खायो । पत्रकार र विज्ञापनदाता नभए भ्रष्टसँग मिलेर खायो ? विदेश रेमिटचान्स भित्रचाउन गएकालाई जाँदा-जाँदै घूस खवाएर मात्र देश छोड्न पाउने कार्यक्रम । खान बाँकी कहाँ छ र ? पशुपतिमा मरेका मान्छेलाई ओडाउने कात्रोमा कमिसन खाने देश हो । दुनियाँको फोहोरसँगसमेत कमिसन खाने देश हो ।

सकेसम्म दल-दल मिलेर खायो । नभए आरोप लगाएर खायो । सत्तामा गयो खायो । धर्मका नाममा पनि खायो । समाज सेवाका नाममा पनि खायो । चोकमा खुलेको चिया पसल त्यस्सै हो र ? प्रधानमन्त्रीको नाममा त्यसै रोजगार केन्द्र खोल्या हो र ! खाने हो । मिले माटै खाने हो, नमिले सातै जाने हो । खानेले त खायो जान्यो । जसले खाएन उसको जातै गयो ।

कर्मचारी भए प्रमोसन गायब । अरु भए त के-के गायब गायब । साम्यवाद ल्याउनका लागि पनि खानैपर्छ । खाँदै नखाई कसरी आउँछ साम्यवाद । त्यत्ति जानेको भए त कम्युनिस्टहरु यति बदनाम कहाँ हुन्थे र ? त्यही खान नजानेकै भएर पो ललिता निवासले विश्राम लिने तयारी किन गर्दै छन् ? सुकुम्वासीको समस्या कहाँ पुग्यो । सुकुम्वासीको जग्गा कसरी हुकुमवासीको भयो । उ बेला आउ मिलाउ हाम्रा हातहरु भन्दै हिँडे । अब पुर्खाले जोडिदिएको सम्पदा संरक्षण हावा खाँदै गयो । भाषा, धर्म संस्कृति त कुन चराको नाम हो भन्ने दिन आउँदै छ ।

सके गर नसके तर । वैतर्णीधाम बनाइदिएकै छ । तिम्रा गाई मार कि भाइ मार, कामचाहिँ ताई न तुईको गर । आऊ, मिलाऔं हाम्रा हातहरु !

# क्षमता वृद्धि र सेवामा सुधार गर्दै भरतपुर अस्पताल

**चितवन (प्रस)–** सरकारी अस्पतालप्रति आमसेवाग्राहीको धारणा त्यति सकारात्मक पाइँदैन । उपचारमा ढिलासुस्ती हुन्छ र गुणस्तरीय उपचार पाइँदैन भन्ने धेरैको सोच पनि उत्तिकै छ । तर, सबै सरकारी अस्पतालमा यही हुन्छ भन्ने पनि होइन । अधिकांश सरकारी अस्पतालमध्ये अपवाद बनेको छ, यहाँको भरतपुर अस्पताल ।

पछिल्लो समय अस्पतालले सरसफाइ तथा सौन्दर्यका साथै क्षमता बिस्तार र गुणस्तरीय सेवा सुविधामा विशेष ध्यान दिएको छ । जसको नतिजा अस्पतालको प्रदेशद्वारदेखि नै देख्न सकिन्छ । अस्पतालले निर्माण गरेको सुन्दर प्रवेशद्वार, पानीको फोहोरा र बगैँचाले अस्पतालको सुन्दरता बढाएको छ । अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेण्ट प्रा.डा. कृष्णप्रसाद पौडेलले अस्पतालले शयचाको संख्या वृद्धि गर्ने, सेवा सुविधा बढाउने र सहज तथा सुलभ उपचार दिने उद्देश्यअनुरुप क्षमता तथा सेवा बिस्तारसँगै सौन्दर्यमा पनि विशेष ध्यान दिइएको जानकारी दिए ।

विसं २०४९ मा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले उद्घाटन गरेको अस्पतालमा तत्कालीन समयमा १२ शयचाको आकस्मिक कक्ष थियो । हाल त्यसलाई बढाएर ५० शयचाको अत्याधुनिक आकस्मिक कक्ष बनाइएको उनको भनाइ छ । साथै २० शयचाको सघन उपचार कक्षलाई बढाएर ३० शयचाको बनाइएको छ । हाल दुई ठाउँमा सघन उपचार कक्ष सञ्चालनमा छन् ।

त्यतिमात्रै होइन, १२ शयचाको बाल सघन उपचा र कक्षलाई २० शयचा बनाइएको छ भने हाल अस्पतालमा छ शयचाको पिआइसियू पनि सञ्चालनमा ल्याइएको छ । यस्तै पहिलोपटक चार शयचाको सिसियू र तीन शयचाको 'बर्न बार्ड' सञ्चालनमा ल्याइएको छ । यही भदौबाट मुटुरोग विभाग पनि सञ्चालनमा ल्याइएको अस्पतालको भनाइ छ ।

प्रा.डा. पौडेलका अनुसार सेवा सुविधा बिस्तार गर्ने क्रममा यसै वर्ष क्याथल्याव सञ्चालन गरिनेछ भने अत्याधुनिक ट्रमा सेन्टर पनि निर्माणको प्रक्रियामा छ । अस्पतालले रोटरी क्लबसँगको सहकार्यमा अर्को वर्षको असारसम्म सुविधा सम्पन्न स्पाइनल इञ्जुरी सेन्टर सञ्चालन गर्ने तयारी गरेको छ । 'प्रयोगशालालाई उच्चस्तरको आधुनिक बनाइएको छ भने १२ शयचाको डायलासिस बढाएर १७ शयचाको पुऱ्याइएको छ,' पौडेलले भने, 'केही दिनमै यसलाई २० शयचा बनाइनेछ ।'

पौडेलका अनुसार अस्पताल प्रसूतिका लागि पनि परिचित छ । यहाँ विभिन्न जिल्लाबाट प्रसूतिका लागि ठूलो संख्यामा सेवाग्राही आउने गरेका छन् । सोही विषयलाई ध्यानमा राख्दै प्रसूति विभागमा शयचा र कक्ष आधुनिक बनाइएको उनले जानकारी दिए । अस्पतालमा सुरक्षित बनाउन प्रवेशका लागि 'डिजिटल कार्ड प्रणाली'को व्यवस्था गरिएको उनको भनाइ छ । अस्पतालमा दुई मोडुलरसहितका सात शल्यक्रिया कक्ष सञ्चालनमा छन् ।

प्रविधिको प्रयोग गर्दै सेवाग्राहीलाई अनलाइनबाट टिकट काट्ने व्यवस्था र कार्डबाटै भुक्तानीको व्यवस्था गरिएको छ । अस्पतालमा भदौ ३ गते एक दिनमा सबैभन्दा धेरै दुई हजार ३८० बिरामीले बहिरंग सेवा लिएका थिए । अस्पतालमा बहिरंग सेवा निःशुल्क छ । अस्पतालमा रहेका ६०० शयचामध्ये ४०० निःशुल्क गरिएको छ । हाल अस्पतालमा एक हजार ६१ चिकित्सक तथा कर्मचारी कार्यरत छन् । तीमध्ये नेपाल सरकारका ३९८ चिकित्सक तथा कर्मचारी छन् । पौडेलले दरबन्दी थप हुने हो भने अझ राम्रो सेवा दिन सकिने बताए । *रासस*

# चेपाङ विद्यार्थीलाई बस्न र खानाको सुविधा

**तनहुँ–** आँबुखैरेनी गाउँपालिका कार्यालयले कक्षा ११ र १२ मा अध्ययनरत चेपाङ विद्यार्थीलाई खाद्यान्नदेखि कोठा भाडासम्म सुविधा प्रदान गरेको छ । घरदेखि विद्यालय टाढापर्ने भएकाले कक्षा ११ र १२ मा बसेर अध्ययन गर्नका लागि खानादेखि आवाससम्मको जिम्मा गाउँपालिकाले लिएको हो ।

गाउँपालिकाभिर रहेका सीमान्तकृत चेपाङ जातिका बालबालिकालाई कक्षा १२ सम्म पूर्णरुपमा निःशुल्क शिक्षा दिने निर्णय यसअघि नै गाउँपालिका कार्यालयले गरिसकेको छ ।

सोही निर्णयअनुरुप विद्यालय तहको पढाइमा चेपाङ बालबालिकाको लागि कापी, कलम, पोशाकलगायतमा सहयोग गर्दै आएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिए । विद्यालय तहमा पढ्ने बालबालिकाले घरबाट विद्यालय जान र आउन सक्ने भए पनि कक्षा ११ र १२ घरबाट सम्भव नभएकाले गाउँपालिकाले छुट्टै आवास र खानाको सुविधा प्रदान गरेको हो ।

गाउँपालिकाभित्र कम्तीमा ६० जनाको हाराहारीमा चेपाङ जातिका बालबालिका अध्ययनरत रहेको उनले बताए । आर्थिक अवस्था कमजोर भएका कारण पठनपाठनबाट बञ्चित हुन नपरोस् भनी गाउँपालिकाले यस किसिमको प्रोत्साहन कार्यक्रम अघि सारेको हो । शिक्षामा निःशुल्क भएसँगै चेपाङ बालबालिकाहरु पछिल्ला समय पढाइतर्फ आकर्षित हुँदै गएका छन् ।

आँबुखैरेनी–५ का राम शाह माध्यमिक विद्यालय कक्षा ११ मा भर्ना भएका विद्यार्थी अमृत चेपाङको सम्पूर्ण खर्च गाउँपालिकाले व्यवस्था गरिदिएको छ । विद्यार्थी अमृतको विद्यालयमा लाग्ने शुल्क, गास र आवास सहितको सुविधा व्यवस्था गरिदिएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिए । यस क्षेत्रका चेपाङ समुदायका मुख्य आयस्रोत बाँसजन्य सामाग्री निर्माण गरी बिक्रीबाट जीविकोपार्जन गर्दै आएको सो गाउँपालिकाले जनाएको छ । *रासस*


## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०५/१२ गते)

तर बहादुर तमाङको नाति, आले बहादुर तमाङको छोरा चन्दमाया तमाङको पति चितवन जिल्ला, भरतपुर म.न.पा., वडा नं १६ मगलपुर बस्ने दल सिं तमाङको मिति २०७२/०८/२९ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको मगलपुर शाखामा रहेको कुमारी स्मार्ट खाताको खाता नं. १६८००६८७०१२००००१ मा रहेको मौज्दात रकम भुक्तानी पाऊँ भनी निज खातावालाको छोरा श्री पुण सिं लामाले यस बैंकको मगलपुर शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सवुत प्रमाण कागज सहित यस बैंकको शाखा कार्यालय मगलपुरमा हकदावी गर्न आउनु होला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय मगलपुर, भरतपुर फोन नं. ०५६–५९१७१३/५९१७२३



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCE PROFESSIONAL TRADING & COTRACTING CO. LTD.

पूर्व स्वीकृति मिति २०७९/०४/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 267451 | चलानी नं. ६०१८३४७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer | 4 | 0 | 1300 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KIAN HOE PLANTATION BERHAD

पुर्व स्वीकृति मिति २०७९/०९/१३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No.278367 | चलानी नं. ६०१९३९९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,९६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १००१/०६८/६९

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI
Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TEMP STAR CONT & SERVICES WLL

पूर्व स्वीकृति मिति २०८०/०२/१९ | पुन: विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 287084 | चलानी नं. ६०२०१९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 0 | 4 | 2500 | ९०११२ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Receptionist | 0 | 2 | 1100 | ३९६४९ | | | | | | | |
| 3 | Representative | 0 | 1 | 2100 | ७५६९४ | | | | | | | |
| 4 | SUPERVISIOR | 16 | 0 | 2500 | ९०११२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LEADERS International Recruitment — LEADING THE WAY OF STAFFING
श्रम ईजाजत नं.१६१५/०७९/०८०

**Leaders International Recruitment Agency Pvt. Ltd**
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748
Email: leadersnepal1615@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JABAL AL-SUMAN GENERAL CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०३/२९ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 289376 | चलानी नं. ६०२०४६८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 5 | 0 | 1800 | ६३,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KHALED ABBAS KHAZAL BLACKSMITH AND ALUMINUM WORKSHOP

पुर्व स्वीकृति मिति २०८०/०४/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 289726 | चलानी नं. ६०२०४९५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 2 | 0 | 1000 | ३५,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : TARTINE CONFECTIONERY CORPORATION

पुर्व स्वीकृति मिति २०८०/०४/१४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 290071 | चलानी नं. ६०२०५३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 8 | 0 | 1200 | ४२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAHAA ABDULAZIZ MOHAMMED AL-DOSARI FAST FOOD RESTAURANT

पुर्व स्वीकृति मिति २०८०/०४/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 290728 | चलानी नं. ६०२०५९३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARYAM BANDAR FARHAN AL-ENEZI RESTAURANT FOR SERVING MEALS

पुर्व स्वीकृति मिति २०८०/०४/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 290651 | चलानी नं. ६०२०५८९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1200 | ४२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ETHMAR AGRICULTURAL COMPANY

पुर्व स्वीकृति मिति २०८०/०५/०७ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 291548 | चलानी नं. ६०२०६७४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 10 | 0 | 1000 | ३५,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १८५/०५७/०५८

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : DRAGON WORLD GOURMET SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०७/१४ | पुन: विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 274306 | चलानी नं. ६०१९००७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1342/074/75

**Muskan Overseas Pvt. Ltd.**
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MIDDLE EAST MANPOWER SERVICES

पूर्व स्वीकृति मिति : २०८०/०५/११ | LT. No. 291710 | चलानी नं. ६०२०६९०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Helpers | 20 | 0 | 1000 | ३६,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 50 | 0 | 1200 | ४३,२१५ | | | | | | | |
| 3 | Scaffolding Foreman | 5 | 0 | 2000 | ७२,०२५ | | | | | | | |
| 4 | Scaffolding Supervisor | 5 | 0 | 2500 | ९०,०३० | | | | | | | |
| 5 | Skilled Labor | 20 | 0 | 1200 | ४३,२१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ देखि २१ गते (5-7 Sep. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१
Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRINT SPEC SOLUTION SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०४/०९ | पुन: विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 289936 | चलानी नं. ६०२०५१६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : 7 PAGI SDN BHD

पूर्व स्वीकृति मिति २०७९/१२/१७ | पुन: विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 283661 | चलानी नं. ६०१९९१७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Crew | 10 | 0 | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : BISTROAMERICANA (PBJ) SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०२/०२ | पुन: विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 286014 | चलानी नं. ६०२०१४४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 20 | 0 | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MEGA TEAMWAY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८०/०२/१२ | पुन: विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 286631 | चलानी नं. ६०२०१९९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Operator | 6 | 1 | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RELIANCE FOUNDRY (M) SDN. BHD.

पुर्व स्वीकृति मिति २०७९/१२/२२ | पुन: विज्ञापन स्वीकृति मिति २०८०/०५/११ | LT. No. 284041 | चलानी नं. ६०१९९४५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 15 | 0 | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RISING STEEL SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०५/११ | LT. No. 291750 | चलानी नं. ६०२०६९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 25 | 0 | 1500 | ४२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : YZ SING CONSTRUCTION SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०५/११ | LT. No. 291749 | चलानी नं. ६०२०६९१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction workers | 10 | 0 | 1560 | ४४,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 902/067/68

**KHOJI RECRUITMENT SERVICES PVT. LTD.**
Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5455896, 5455792
Email: khoji.nepal2022@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AZMI RESTAURANT AND CAFE LEBANON COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/११ | LT. No. 291463 | चलानी नं.६०२०६९२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef | 2 | 0 | 150 | ६४,२८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 3 | 0 | 110 | ४७,१४० | | | | | | | |
| 3 | Kitchen Helper | 4 | 0 | 120 | ५१,४३० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १९ गते (5th Sep. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAGARMATHA INTERNATIONAL EMPLOYMENT PVT LTD

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : +977-1-4112758, Fax : +977-1-4112759
E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

# प्रभाव दैनिक


रूपशाला

## मिलन नेवारको 'नाचेको नाच्यै गर्ने हो'

हरितालिका तीज लक्षित गरी गायिका मिलन नेवारको नयाँ गीत 'नाचेको नाच्यै गर्ने हो' सार्वजनिक भएको छ । 'पोहर पनि नाचियो, परार पनि नाचियो यसपालि झनै नाच्ने हो, मनले चिताको नपुगेसम्म नाचेको नाच्यै गर्ने हो' जस्ता शब्दले सजिएको सुमधुर गीतको शब्द र संगीत राजनराज सिवाकोटीले हो । गीतको भिडियोमा गायिका मिलन नेवार आफैंले अभिनय गरेकी छन् । उत्सव दाहालले कैद गरेको भिडियोका दृश्यहरूको निर्देशन राजेश पुमा राई राईले गरेका हुन् भने भिडियोको सम्पादन विकास दाहालले गरेका छन् ।




मंगलबार, १२ भदौ २०८० (Tuesday, August 29, 2023)


# 'दुई कदम'को पोस्टर सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** उदय सुब्बको निर्देशनमा निर्माण भएको फिल्म 'दुई कदम'को पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको छ । सोमबार सार्वजनिक फिल्मका दुई पोस्टरमा प्रदर्शन मिति मंसिर २९ उल्लेख गरिएको छ ।

फिल्मको सार्वजनिक एक पोस्टरमा डेव्यु अभिनेता इओन लिम्बु र डेव्यु अभिनेत्री सिमोन गिरीलाई छाता ओढेर रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ । दोस्रो पोस्टरमा अभिनेता गौरव पहारी रिसाएर हातमा बन्दुक लिएर पड्काउँदा डेव्यु अभिनेत्री गिरी निकै डराएको हाउभाउमा देखिएकी छन् ।

अजम्बरी फिल्मस्को व्यानरमा निर्माण भएको फिल्ममा तारा देवी लिम्बुको लगानी रहेको छ । फिल्ममा गौरव, इओन र सिमोनका अलवा सुनिल थापा, कविता आले, बुद्धि तामाङ, अर्जुन गुरुङ, विमला लिम्बु, जिवन लिम्बु, चन्दा दाहाल र प्रितिका शर्माको अभिनय रहेको छ । फिल्मको एक गीतमा अभिनेता विल्सन विक्रम राईले पनि विशेष भुमिका निर्वाह गरेका छन् ।

मुस्ताङमा एक गीतको सुटिङ गरिएको फिल्मको बाँकी छायांकन पूर्वका धनकुटा, तेह्रथुमको वसन्तपुर, इलाम, झापा र धरानमा गरिएको हो । दयाराम घिमिरेको कथा तथा पटकथा लेखन, विक्रम डिसीको छायांकन, ताराप्रकाश लिम्बु र विकास चौधरीको संगीत, डिपी खनालको गीत लेखन, राजु किराँतीको द्वन्द्व निर्देशन, रामजी



लामिछानेको कोरियोग्राफी र प्रविन ढकालको सम्पादन फिल्ममा रहेको छ । फिल्मलाई रिच इन्टरटेनमेन्ट र एफडी कम्पनिले वितरण गर्दैछन् ।

# नेपालपछि अमेरिकामा 'बगान'

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालमा सफलतापूर्वक प्रदर्शन भएको चलचित्र 'बगान' को संयुक्तराज्य अमेरिकामा प्रदर्शन प्रारम्भ भएको छ ।

कलाकारसमेत रहेका निर्देशक सरोज खनालले भदौको पहिलो सातादेखि सुरु भएको प्रदर्शन दशैंसम्म हुने जानकारी दिए । उनले भने, 'विभिन्न सहर र क्यानाडामा समेत प्रदर्शन तय गरेका छौं । नेपालमा दर्शकले दिनुभएको प्रतिक्रिया र यहाँ माग भएकाले सानोरूपमा सुरु गरेका छौं । दर्शकको मागअनुसार सो संख्या बढ्ने छ ।'

उनीसँगै अभिनेत्री प्रमिला कार्की र गीतकार सुरेश वाग्ले प्रदर्शनीमा सहभागी भइरहेका छन् । चलचित्र र रङगमञ्चमा उत्तिकै लोकप्रिय नाम बनिसकेका खनालले यसै चलचित्रमार्फत निर्देशकीय यात्राको प्रारम्भ गरेको हो । यद्यपि योजना बनाएर नै निर्देशनको यात्रा प्रारम्भ नभएको उनले बताए ।



'मलाई नाट्यकर्मी सुनिल पोखरेलले एउटा पुस्तक दिनुभएको थियो । त्यहाँ संग्रहीत कथामध्ये एउटा बगान थियो । त्यो पढेपछि यसलाई ठूलो पर्दामार्फत आम दर्शक र समाजमा पुऱ्याउनु पर्छ भन्ने लाग्यो', निर्देशक खनालले भने, 'यो कथा ममार्फत नै भन्नुपर्छ भन्ने लागेर निर्देशन गरें । मलाई छायांकनकै समयमा कसैले निर्देशकभन्दा नि अप्ठ्यारो हुन्थ्यो । मैले सरोज नै भनेर सम्बोधन गरिदिनुस् भनेर भन्थें ।'

आफूलाई कथा वाचक भन्न रुचाउने खनालले चलचित्रमा आफूभन्दा वरिष्ठ कलाकार नै बढी राखे । सयौं चलचित्रमा अभिनय गरिसकेका अभिनेता खनालले चलचित्रमा स्टार कलाकारभन्दा पनि विषयवस्तु महत्वपूर्ण हुनुपर्ने बताए । त्यसैले उनले एकल महिलाको कथा, समवेदना र शिक्षाको महत्वलाई चलचित्रमा प्रस्तुत गरेका छन् ।

गीतकार वाग्लेका अनुसार चलचित्र 'बगान' मेफिल्ड, ग्रीन्सबोरो, कोलोराडो, टोरोन्टो (क्यानाडा), न्युयोर्क, डलास, ह्युस्टन, अस्टिन, लसएन्जलस, क्यालिफोर्निया, ह्यारिस्वर्ग, एटलान्टालगायतका सहरमा प्रदर्शन हुँदैछ ।

'बगान' मा आकाश श्रेष्ठ, नीर शाह, वसुन्धरा भुसाल र मिथिला शर्मालगायतका कलाकारले पनि अभिनय गरेका छन् । स्वप्निल नीरवको कथामा तयार भएको चलचित्रमा गौरीशङ्कर धुजुले छायाङ्कन निर्देशन, उत्सव दाहाल र नारायण जिसीले छायाङ्कन, सन्देश शाहले सम्पादन, समिर मियाँले भिएफएक्स तथा रेनिश फागोले रङ संयोजन गरेका छन् ।

# मानवसेवा आश्रममा गीतकार पाण्डेयको जन्मदिन

■ प्रभाव संवाददाता

**काठमाडौं–** लोकप्रिय गीतकार दयाराम पाण्डेयले जेष्ठ नागरिकसँग जन्मदिन मनाएका छन् । गीतकार पाण्डेयले बालाजु वनस्थली स्थित मानव सेवा आश्रममा आश्रित दुई सय जना भन्दा धेरै जेष्ठ नागरिक र भिन्न क्षमता भएका व्यक्तिहरूलाई भोजन गराएर आफ्नो जन्मदिन मनाएका हुन् ।



आफूले गीत लेखेर आर्जन गरेको आम्दानीबाट केही रुपैयाँ समाजसेवामा खर्चन पाउनु निकै खुशीको कुरा भएको बताए । उक्त अवसरमा उनले भने - 'यो पैसा मैले साथीभाई सँग रमाइलो गरेर एकैछिनमा उडाउन पनि सकिन्थ्यो, तर भोको हुनेको पेट भर्नु नै वास्तविक धर्म हो भन्ने लागेर मैले यसो गरे ।' साथै उनले आगामी दिनमा आफुले आफ्नो एकल गीति सङ्ग्रह र आफ्ना सिर्जनाहरुको कृतिको स्वरूप दिने समेत जानकारी गराए ।

गीतकार पाण्डेयले चलचित्र र आधुनिक गरि करीब एक हजार गीत लेखिसकेका छन् । नेपाल चलचित्र प्राविधिक सङ्घले आयोजना गर्ने नेफ्टा अवार्ड ह्याट्रिक गरेका पाण्डेयले इनास अवार्ड, बक्स अफिस अवार्ड, म्यूजिक खबर, राप्ती म्यूजिक अवार्ड लगायत राष्ट्रकै प्रतिष्ठित नातीकाजी प्रतिभा पुरस्कार राष्ट्रपतिकै हातबाट ग्रहण गरिसकेका छन् । नेपाली चलचित्रमा सर्वाधिक गीत लेख्ने गीतकारको सूचिमा अग्रपंक्तिमा पर्ने पाण्डेका सयौं गीतहरु चर्चित छन् ।

संगीत रोयल्टी संकलन समाज नेपालका पूर्व उपाध्यक्ष रहेका पाण्डेय नेपाली गीत संगीत, कला संस्कृति र चलचित्रको सम्बर्द्धन गर्ने उद्देश्यले स्थापित अन्तर्राष्ट्रिय नेपाली कलाकार समाजको नेपाल च्याप्टरका अध्यक्ष हुन् । तीतो सत्य, दृष्टि, कुल खानदान लगायत थुप्रै टेलिसिरियलका समेत गीत लेखिसकेका पाण्डेय हाल शम्भुजीत बासकोटा, ऋषि लामिछाने, सुदर्शन थापा, दीवाकर भट्टराई, राज कटुवाल लगायतले निर्माण गर्न लागेका करीब १ दर्जन चलचित्रको गीत लेखनमा व्यस्त छन् ।

# धाँ बाजा प्रशिक्षण टोली सार्वजनिक

**भक्तपुर (प्रस)–** धाँ बाजा (एक प्रकारको बाजा) प्रशिक्षण पूरा गरेका एक समूह सार्वजनिक भएको छ । परम्पराअनुसार प्रशिक्षण पूरा भएपछि सार्वजनिक स्थानमा बाजा बजाएर प्रदर्शन गर्ने चलन अनुसार भक्तपुर नगरपालिका वडा नं ८ लिवालिस्थित नियो निओ फियुजन कम्प्युटर इन्टिच्युटबाट तालिम प्राप्त प्रशिक्षण टोली सार्वजनिक भएका हुन् ।

यही क्रममा उनीहरुले परम्परा अनुसार भक्तपुर नगरपालिका वडा नं ९ दतात्रयस्थित नासद्य (देवस्थल) पुगेर सामूहिक रुपमा पूजाआजा गर्नुका साथै सार्वजनिक रुपमा बाजा बजाएर प्रदर्शन गरेका थिए । त्यस क्रममा उनीहरुले नगर परिक्रमा पनि गरेका थिए । यसअघि बाहिर नभई कक्षाकोठामा मात्रै बजाउने गरिन्थ्यो ।

प्रशिक्षण पूरा गरी आइतबार सार्वजनिक भएका बशिल त्वायनाले धाँ बाजाबारे धेरैलाई कम जानकारी भएकाले यसलाई बचाउन आफूले धाँ बाजा सिकेको सुनाए । उनले आफूलाई पुराना बाजाहरु मनपर्ने भएकाले दैनिक साँझको समयको सदुपयोग गरी धाँ बाजा सिकेको सुनाए ।

त्वायनाकै समूहमा धाँ बाजा सिकेकी अर्की प्रशिक्षार्थी रेणु त्वानाबासुले पहिलापहिला पुरुषहरु मात्रै सिक्न पाइने बाजा अहिले जसले सिक्दा पनि हुने भएकाले आफूले सिकेको सुनाइन् । आफूलाई पनि धाँ बाजा बजाएर प्रदर्शनमा जान मन लागेकाले बाजा सिकेको उनको भनाई थियो ।

२०७६ सालदेखि नै निरन्तर धाँ बाजा सिकाउँदै आएको बताउने भक्तपुर नगरपालिका वडा नं ८ लिवालिस्थित नियो निओ फियुजन बाजा समूहका अध्यक्ष बालकृष्ण बनमालाले पुराना बाजा बजाउने कला नयाँ पुस्तालाई हस्तान्तरण गर्ने हेतुले २०६८ सालदेखि धिमे बाजा सिकाउँदै आएको बताए । पछिल्लो पटक धाँ बाजाप्रति आकर्षण बढेकोले धाँ बाजा प्रशिक्षण पनि थपेको उनको भनाइ थियो । अहिले थप बासुरी, पछीमा (बाजाको नाम) को प्रशिक्षण पनि थप गरेको उनले बताए । उनले यी सबै तालिम शुल्क रुपमा चलाउँदै आएका छन् । बाजा सिक्न कम्तीमा १०-१५ जनाको सहभागिता हुनुपर्ने हुन्छ । धाँ बाजा प्रशिक्षक सविन लैबाले ५ वर्षदेखि धाँ बाजा सिकाउँदै आएको बताए । टोलटोलमा र संघसस्थाहरुमा धाँ बाजा सिकाउँदै आएको उनी सुनाउँछन् । साथै उनले आफूले धाँ सिक्ने बेलासम्ममा कोही पनि महिला सहभागिता नभएको सम्झना गरे ।

## रंगशाला

एसिया कप

# पाकिस्तान पुगे सन्दीप



■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिया कप क्रिकेट प्रतियोगिताका लागि अन्य टिमसँगै पाकिस्तान जानबाट छुटेका क्रिकेटर सन्दीप लामिछाने पाकिस्तान पुगेका छन् ।

राष्ट्रिय खेलकुद परिषद (राखेप)का सदस्य सचिव टंकलाल घिसिङ विमानस्थलमा उपस्थित भएर सन्दीपलाई बिदाई गरेका थिए । उनले सन्दीपबाट देशले ठुलो भरोसा र अपेक्षा राखेको भन्दै राम्रो प्रदर्शनका लागि शुभकामना दिएका थिए । सदस्य सचिव घिसिङले सन्दीपलाई राष्ट्रिय झण्डा सहित बिदाई गरे ।

पाकिस्तान प्रस्थान गर्नुअघि संक्षिप्त पत्रकार सम्मेलनमा सन्दीपले एसिया कपमा नेपाली टिमले दिल खोलेर खेल्ने प्रतिक्रिया दिए । नेपालले एसिया कपको समूह चरणमा विश्व क्रिकेटका महारथी देश भारत र पाकिस्तानसँग खेल्दैछ ।

'भारत-पाकिस्तानसँग खेल्न पाउनु सबै नेपालीका लागि गर्वको कुरा हो। यो हार जित भन्दा पनि सिक्न कुरा हो । हामी दिल खोलेर खेल्नेछौं,' सन्दीपले भने ।

मुद्दाको पेशी आईतबार रहेका कारण सन्दीप नेपाली टिमसँग पाकिस्तान गएका थिएनन् । मुद्दा आईतबार हेर्न नभ्याईने भन्दै भदौ २१ गतेको पेशी तोकिएको छ । अर्को पेशी अघिनै खेल्न भ्याईने भएपछि सन्दीपले एसिया कपका लागि पाकिस्तान गएका हुन् ।

सन्दीपले नेपाली टिमले पछिल्लो समय राम्रो खेलिरहेको बताउँदै एसिया कपमा राम्रो प्रदर्शन हुने विश्वास ब्यक्त गरे । उनले प्रतियोगिताका लागि आफुले सक्दो अभ्यास र तयारी गरेको समेत पत्रकार सम्मेलनमा जानकारी गराए । उनले एसिया कपलाई पर्वको रुपमा ब्याख्या गर्दै यस्तो अवसर पटक पटक नआउने उल्लेख गरे ।

'यो खुसीको पर्व हो । सधैं भारत र पाकिस्तासँग खेल्न पाईदैन । एकपटक खेलेपछि यि टिमसँग निरन्तर कसरी खेल्न सकिन्छ भनेर छलफल गरिरहेका छौं । कसरी टिमलाई खेल्नका लागि मिलाउन सकिन्छ भनेर हेरिरहेका छौं,' उनले भने । नेपालले एसिया कप क्रिकेटमा अगष्ट ३० मा पाकिस्तानसँग र सेप्टेम्बर ४ मा भारतसँग प्रतिस्पर्धा खेल्नेछ ।

### रिजवानले दिए शुभकामना

पाकिस्तान विकेटकिपर मोहम्मद रिजवानले नेपाली क्रिकेट टोलीलाई एसिया कपका लागि शुभकामना दिएका छन् ।

एसिया कपमा सहभागी हुन पाकिस्तानको मुल्तानमा रहेका खेलाडीलाई भेटेर रिजवानले शुभकामना दिएका छन् ।

एसिया कपमा बुधबार पाकिस्तानसँग नेपालले पहिलो खेल खेल्दैछ । रिजवानले नेपाली खेलाडीसँग भेटेर कुराकानी गरेका थिए । सोमपालसँगको कुराकानीमा उनले नेपाल एसिया कप खेल्न योग्य रहेको बताएका थिए ।

उनले नेपाली टोलीलाई शुभकामना दिँदै कुनै कुराको आवश्यकता परे आफू साथमा रहेको बताएका थिए ।

# नेपाल र थाईल्यान्डको खेल वर्षाका कारण रद्द

**काठमाडौं (प्रस)–** नेपाल र थाइल्यान्ड महिला टोलीबीचको टी–ट्वान्टी अभ्यास खेल वर्षाका कारण रद्द भएको छ । नेपाल र थाइल्यान्डले आइसीसी महिला विश्वकप टी–ट्वान्टी एसिया क्षेत्र छनोट अघि अभ्यास खेल खेलेका थिए । मलेसियाको बायोमास रंशालामा टस जितेर ब्याटिङ रोजेको थाइल्यान्डले नेपाललाई १ सय २८ रनको लक्ष्य प्रस्तुत गरेको थियो । तर, लगातारको कारण नेपालले ब्याटिङ गर्ने अवसर पाएन ।

